निर्मला भट्टराईलाई धन्यबाद दिन चाहन्छु । साथै यस पुस्तकको शुद्धाशुद्धि हेरिदिने उपप्राध्यापक लक्ष्मीप्रसाद आचार्य, उपप्राध्यापक राम प्रसाद कंडेल र उपप्राध्यापक वासुदेव पाण्डेलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा यस पुस्तक लेखनका क्रममा केही त्रुटि भए वा त्यसमा यहाँहरूको सुझाव भए सहर्ष स्वीकार्दै आगामी संस्करणमा सच्चयाउने प्रतिवद्धता व्यक्त गर्दछु ।

डा. अमृतकुमार शर्मा गैरे
वीरेन्द्रनगर-८, सुर्खेत

# विषयसूची

अध्याय १

**सहकारी संस्थाको परिचय (Introduction of Co-operative Organization)** १ - ४४

सहकारी संस्थाको अर्थ (Concept of Co-operative Organization) ........ २
नेपालमा सहकारी आन्दोलन तथा सहकारी विकास (Co-operative Movement in Nepal) ........ ५
सहकारी संस्थाका विशेषताहरू (Features of Co-operative Organizations) १०
नेपालमा सहकारीको आवश्यकता (Need of Co-operative in Nepal) ........ १४
नेपालमा सहकारीको वर्गीकरण (Classification of Co-operatives in Nepal) १९
सहकारी सिद्धान्तहरू (Co-operative Principles) ........ २४
सहकारीका आधार मूल्यहरू (Basic Values of Co-operative) ........ २९
नैतिक मूल्यहरू (Ethical Values of Co-operative) ........ ३०
सहकारीका सबल तथा सुधार गर्नुपर्ने पक्षहरू (Strength and Weakness of Co-operatives) ........ ३०
व्यवस्थापकीय कार्यहरू (Management Function of Co-operative) ........ ३६
सहकारी व्यवस्थापकका कार्यहरू (Duties of Co-operative Manager) ........ ३८
सहकारी व्यवस्थापनको वातावरण (Environment of Co-operative Management) ३९
नागरिक समाज र सहकारी आन्दोलन (Civic Societies and Co-operative Movement) ........ ४१
अभ्यास (Exercise) ........ ४३

अध्याय २

**सहकारी संस्था दर्ता, विघटन तथा खारेजी (Registration, Dissolution and Revocation of Co-operative)** ४५ - ७८

परिचय (Introduction) ........ ४६
कानुनी व्यवस्था (Legal Provision) ........ ४६
सहकारी संघ/संस्थाको गठन (Formation of Co-operative Organization) ४७

## अनुसूची


| विवरण | पेज न. |
|---|---|
| १ सहकारी सिद्दान्त सम्मतिको जाँच | २३५ |
| २ सहकारी विधि सम्मतिको जाँच | २३७ |
| ३ सुशासकी मानकको जाँच | २४१ |
| ४ प्रथम प्रारम्भिक भेलाका निर्णयहरूको नमुना | २४४ |
| ५ दोस्रो प्रारम्भिक भेलाका निर्णयहरूको नमुना | २४८ |
| ६ अधिकार प्रत्यायोजनको नमुना | २५० |
| ७ स्वघोषणा पत्रको नमुना | २५१ |
| ८ भर्पाईको नमुना | २५१ |
| ९ आवेदकहरूको विवरण फाराम | २५२ |
| १० तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण फाराम | २५२ |
| ११ व्यावसायिक कार्ययोजनाको रूपरेखा | २५३ |
| १२. सम्भाव्यता अध्ययन प्रतिवेदनको ढाँचा | २५६ |
| १३ दर्ता दरखास्तको नमुना | २५७ |
| १४ संस्था दर्ता किताबको नमुना | २५८ |
| १५ संस्था दर्ता प्रमाण—पत्रको नमुना | २५८ |


१
अध्याय

# सहकारी संस्थाको परिचय

## (Introduction of Co-operative Organization)

यस अध्यायको अध्ययनपछि पाठकहरूले निम्न विषय वस्तुहरूमा जानकारी राख्न सक्नेछन् :

- *सहकारी संस्थाको अर्थ तथा विकासको बारेमा,*
- *सहकारी संस्थाका विशेषता, वर्गीकरण, सवल तथा सुधार गर्नुपर्ने पक्षहरूका सम्बन्धमा,*
- *सहकारीका सिद्धान्तहरू, आधारभूत तथा नैतिक मूल्यका बारेमा,*
- *सहकारी व्वस्थापनको वातावरण तथा नागरिक समाज र सहकारी आन्दोलनका बारेमा ।*

## सहकारी संस्थाको अर्थ
## Concept of Co-operative Organization

सामान्यतया सहकारीको अर्थ मिलेर काम गर्ने भन्ने बुझिन्छ । सहकारिताले आफ्ना सदस्यहरूका बीच सँगैसँगै बस्ने, सँगै विचार विमर्ष गर्ने र सँगै काम गर्ने पद्धतिलाई जनाउँछ । समाजशास्त्रीहरूले सहकारीलाई सामाजिक उत्पीडनबाट मुक्ति प्राप्त गर्ने साधनको रूपमा व्याख्या गरेको पाइन्छ भने अर्थशास्त्रीहरूले बिचौलियाको शोषणबाट मुक्ति प्राप्त गर्ने व्यावसायिक सङ्गठनको स्वरूप मानेको पाइन्छ । त्यस्तै, कानुनविदहरू यसलाई समान इच्छा, आकांक्षा र अवस्था भएका व्यक्तिहरूको लोकतान्त्रिक नियन्त्रण, नैतिकता, इमान्दारिता, समानता एवम् समन्वयमा आधारित सांगठनिक प्रयास मान्दछन् (सापकोटा, २०६५)।

सहकारी (co-operative) शब्द ल्याटिन भाषाको "Co-operari" बाट उत्पत्ति भएको हो । Co-operative शब्दको विश्लेषण गर्दा "Co" ले Together र "Operari" ले Working Together भन्ने जनाउँछ (गौतम, २०७५) । यसबाट के बुझ्न सकिन्छ भने सदस्यहरूका लागि सङ्गठन मार्फत गरिने सामूहिक योगदान तथा प्रयत्न नै सहकारीको मुख्य अवधारणा हो । अन्तर्राष्ट्रिय सहकारी महासंघले सहकारी संस्थालाई संयुक्त स्वामित्व तथा लोकतान्त्रिक नियन्त्रणमा रहने उद्यमको माध्यमबाट आफ्ना समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता एवम् आकांक्षाको प्राप्तिका लागि स्वेच्छाले एकतावद्ध व्यक्तिहरूको स्वायत्त सङ्गठनको रूपमा परिभाषित गरेको छ ।

सहकारी संस्थालाई सदस्यहरूको दृष्टीकोणबाट हेर्दा यो एउटा सदस्य केन्द्रित व्यावसाय हो, जुन सामूहिक लक्ष्य प्राप्तिको लागि गठन गरिन्छ र यस प्रकारका संस्थाहरू सदस्यहरूको सामूहिक भावना, एकता तथा आवश्यकताले स्वैच्छिक रूपमा स्थापना गरिएका हुन्छन् । यी सङ्गठनहरूले सामूहिक सहयोगको माध्यमबाट सदस्यहरूका बीचमा स्वावलम्बन एवम् स्व-उत्तरदायित्व सिर्जना गर्छन् ।

त्यसैगरी आर्थिक दृष्टिकोणबाट हेर्दा सहकारी भनेको साझा आवश्यकता र आकांक्षा भएका व्यक्तिहरू बीचको व्यावसायिक सहकार्य हो । मानिसका आवश्यकताहरू अनन्त हुन्छन् । आवश्यकताले नै नयाँ चिज, वस्तु, सेवा, विधि



र प्रविधिको खोज तथा आविस्कार गर्दछ । साझा उत्पादन पद्धतिले व्यक्तिहरू बीचको सहकार्यलाई जीवन्त बनाउने काम गर्छ । वर्तमान मानव सभ्यताको विकास व्यक्तिहरू बीचको सहकार्यबाट नै सम्भव भएको हो । मानिसले एक्लै पूरा गर्न नसक्ने आवश्यकताहरू सामूहिक कार्यबाट पूरा गर्न सकिन्छ भन्ने मान्यताका साथ समूहमा धेरै व्यक्तिहरू मिलेर पुँजी, प्रविधि र भौतिक तथा वित्तीय साधनस्रोत एकीकृत रूपमा परिचालन गरी उनीहरूका आवश्यकताहरू पूरा गर्न सकिने सामूहिक उत्पादन र वितरण पद्धतिको नाम सहकारी हो ।

सदस्यहरूले आफ्ना आर्थिक, सामाजिक, र सांस्कृतिक आवश्यकता पूरा गर्न सहकारी संस्थाको स्थापना गरेको हुनाले सदस्यहरूका वीचमा कारोबार हुँदा सामाजिक न्यायका आधारमा उत्पादन र वितरण हुने व्यावसायिक प्रणाली अपनाइएको हुन्छ । सहकारीमा सदस्य र समुदायको वास्तविक समृद्धिका लागि समुदायकै मानिसहरूको स्रोत, साधन तथा उनीहरूकै पहल र नेतृत्वमा व्यावसायिक गतिविधि हुंने भएकाले सहकारी मोडेलका व्यावसायलाई विविध आयामबाट उत्कृष्ट मानिएको छ । विश्वका विभिन्न देशहरूमा आर्थिक गतिविधिलाई प्रभाव पार्ने अनेक पक्षहरू विकसित भएता पनि सहकारी व्यावसाय सबै देशहरूमा एउटै सिद्धान्त, मूल्य र मान्यताका आधारमा व्यवस्थापन तथा सञ्चालन गरिएको व्यावसाय भएको हुनाले सहकारी व्यावसाय आर्थिक तथा सामाजिक क्षेत्रमा अध्ययन गर्ने सबैका लागि सान्दर्भिक विषयवस्तु पनि भएको छ ।

सहकारीले सीमित पुँजी तथा सिप भएका तर एक्लै व्यावसाय गर्ने क्षमता नभएका, व्यक्तिहरूलाई एकै ठाँउमा एकत्रित गरी व्यावसाय गर्ने वातावरण सिर्जना गर्न सहयेग गर्छ । सहकारीले व्यावसाय गर्दा आफूसँग भएको केही पुँजी संस्थामा जम्मा गरी त्यसबाट व्यावसाय गर्ने कुशलता, क्षमता र आँट सिर्जना गरी संस्थाकै माध्यमबाट व्यावसायिक एवम् अन्य कारोबार सञ्चालन गरी सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्न सहयेग गर्छ। समुदायमा आधारित रही सदस्यकै हितका लागि सदस्य माझ व्यावसाय गर्ने र सदस्यहरूलाई उद्यमी बनाउन निरन्तर सहयोग गर्ने सबल संस्थागत माध्यम नै सहकारी हो ।

सहकारी व्यावसाय यसको सिद्धान्त, मूल्य मान्यता, कार्यप्रकृति, संस्थाको संरचना, नीति तथा कार्यक्रमको आधारमा निजी वा सार्वजनिक वा अरू कुनै पनि प्रकारको उद्यम व्यावसाय भन्दा फरक रूपमा बुझ्न र व्याख्या गर्न सकिन्छ । यसको उद्देश्य भन्नु नै निजी व्यावसायवाट व्यक्तिगत शोषणमा आधारित उत्पादन प्रणालीका विरूद्ध सामूहिक उत्पादन र वितरणमा आधारित आर्थिक, सामाजिक पद्धतिको अभ्यासवाट सदस्यहरूको सेवा, सुरक्षा र सामूहिक हित गर्नु हो । सहकारी एउटा व्यावसाय गर्ने माध्यम मात्रै नभएर मानव समाजमा विद्यमान गरिबी र आर्थिक सामाजिक विभेद तथा असमानताहरूको अन्त्य गर्ने एउटा महान उद्देश्य पनि हो । समाजमा एक व्यक्ति वा समूहले अरू व्यक्तिहरू वा समूहमाथि गर्ने शोषणवाट केही व्यक्ति विशेषले मुनाफा कमाउने पद्धतिको अन्त्य गरी सबैले काम गर्ने र कामअनुसार माम पाउने समाजवादी समाजको निर्माण गर्नु यसको परिकल्पना हो । सहकारी व्यावसायले अरू व्यावसायहरूले जस्तै बजारमा विद्यमान प्रतिस्पर्धाको सामना गर्नुको साथै सम्भावित व्यावसायिक जोखिम समेत बहन गर्नुपर्छ । सहकारी व्यावसाय स्वायत्त र स्वतन्त्र रूपमा नियन्त्रित र निर्देशित अविछिन्न उत्तराधिकारवाला सामूहिक स्वामित्वमा सञ्चालित व्यावसाय हो । यही विशिष्ट पहिचान भएकै कारण यो न निजी क्षेत्र हो, न त सार्वजनिक क्षेत्र नै हो । हाम्रो जस्तो अविकसित मुलुकमा सीमित स्रोतसाधन र पुँजी भएका व्यक्तिहरू एक आपसमा मिलेर सामूहिक रूपमा सहकारी व्यावसाय सञ्चालन गरी आफ्ना आवश्यकता र आकांक्षाहरू पूरा गर्ने एक महत्त्वपूर्ण कदम हो । वर्तमान सन्दर्भमा सर्वसाधारण जनतालाई गरिबीको दलदलबाट मुक्त गर्ने सहकारीको मूल ध्येय (Mission) रहेको पाइन्छ ।

सहकारी संगठनका आधारभूत मूल्य र मान्यता एवम् सैद्धान्तिक पक्षहरूको विश्लेषण गर्दा यसको दायरा दिन प्रतिदिन बृहत हुँदै गएको छ । सदस्य तथा समुदायप्रतिको जिम्मेवारीबोध एवम् सामाजिक उत्तरदायित्वले सहकारी सङ्गठन र समाज प्रतिको अन्योन्याश्रित सम्बन्धलाई जोड दिएको पाइन्छ । मुलुकको समृद्धिमा समस्त समुदाय एवम् सदस्यहरूको विकास, उन्नति र खुसी जोडिएको हुन्छ । गरिबी न्यूनीकरण, समावेशी एवम् समतामूलक समाजको विकास, स्वरोजगारी, आयआर्जन, सामूहिक नेतृत्वको विकास, मानव पुँजीको सम्वर्द्धन र विकासका साथै आपसी भाइचारा र बन्धुत्वको विकास गर्दै मुलुकको समृद्धि हासिल गर्ने एउटा महत्त्वपूर्ण माध्यमको रूपमा सहकारीलाई लिन सकिन्छ (गौतम, २०७५) ।



## नेपालमा सहकारी आन्दोलन तथा सहकारी विकास
## Co-operative Movement in Nepal

नेपालमा सहकारीको प्रादुर्भाव अनौपचारिक रूपमा राणाकालीन सययदेखि नै भएको पाइन्छ । हाम्रो समाजका केही वर्ग र सम्प्रदाय विशेषमा गुठी, धर्मभकारी, मङ्काखल, पर्म र ढिकुटीजस्ता स्वरूपमा एकका लागि सबै र सबैका लागि एक भन्ने भावनाका साथ सहकार्यका लागि स्थानीय स्तरमा अनौपचारिक संगठनहरू खडा गरिएको हुन्थ्यो । सहकारी क्षेत्रको विकासको लागि राज्यको तर्फबाट पहिलो सँगठनात्मक व्यवस्थाको रूपमा वि.स. २०१० सालमा योजना तथा विकास मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापना गरिएको थियो ।

वि.स.२०१३ सालमा सरकारको कार्यकारी आदेशबाट चितवनमा सहकारी संस्थाहरूको स्थापना गरियो । चितवनको शारदा नगरमा वि.स.२०१३ साल चैत्र २० गते स्थापना गरिएको बखान बहुउद्देश्यीय सहकारी संस्था लि. नै नेपालको पहिलो सहकारी संस्था हो ।

श्री बखान बहुउद्देश्यीय सहकारी संस्था लि. शारदानगर १ बखानपुर सहकारी संस्था मिति २०१३ साल चैत्र २० गते नेपाल सरकारको कार्यालयमा दर्ता न.१ मा दर्ता भएको नेपालको पहिलो सहकारी संस्था हो जसले नेपालमा सहकारी अवधारणाको सुरूवात गरी विभिन्न आरोह अवरोह पार गर्दै हाल सम्म जिवन्त रूपमा काम गर्दै आइरहेको छ । यस संस्थाका संस्थापक संरक्षक स्वर्गीय बखानसिंह गुरूङले गोरखा, लम्जुङ, तनहुँ तथा गण्डक क्षेत्रमा वि.स.२००८ र वि.स.२०१० सालमा प्राकृतिक विपत्तीमा परी विचल्लीमा परेका जनताहरूलाइ चितवन जिल्लामा वस्ती बसाउने क्रममा राप्तीदून परियोजनाको सहयोगमा बस्ती बसाल्ने क्रममा ६० जना स्थानीय बासिन्दाहरूलाइ सङ्गठित गराइ प्रत्येक व्यक्तिबाट सेयर मूल्य रू १० का दरले जम्मा गरी सेयर पुँजी रू ६०० कायम गरी सहकारीको स्थापना गरेका थिए । मसलन्द खर्च वापत रू १ का दरले रकम उठाइ तत्कालीन अवस्थामा जनतालाई आवश्यक पर्ने हलो, कुटो, कोदालो, फाली तथा बिउ बिजन उपलब्ध गराएका थिए । प्रति परिवार पाँच बिगाहा जग्गा पनि उपलब्ध गराएका थिए । सो समयमा चितवन जिल्लामा औलो रोगका कारण आतङ्कित मानिसहरूलाई बस्ती बसाल्न बिभिन्न किसिमका भौतिक तथा आर्थिक सहयोग गरेका थिए । कृषकहरूको मनोवल बढाउन राप्तीदून परियोजनाको सहयोगमा ट्र्याक्टर पनि

उपलब्ध गराएका थिए । यस संस्थाले एउटा तोरी मिल सञ्चालन गरेको छ भने पछिल्लो समय बचत तथा ऋणको कार्यक्रम पनि सञ्चालन गरेको छ । यो सहकारी संस्था सबै सहकारी संस्थाहरूको तीर्थस्थल मानिन्छ ।

त्यसैगरी आ.व. २०१३/०१४ मा नै थप १६ सहकारी संस्थाहरू दर्ता भए । सहकारी योजनाको दस्तावेजमा सहकारी आन्दोलनको विकासले जनताको रहनसहनको स्तर सुधार गर्न सहयोग मिल्ने र जनतामा लोकतान्त्रिक पद्धिको विकास गराउने उद्देश्यका साथ अगाडि बढाउने प्रतिबद्धताका साथ अगाडि बढाइयो । यसको साथसाथै सहकारी आन्दोलन र सहकारी विभागको कामको थालनी पनि भयो ।

वि.स.२०१६ सालमा जननिर्वाचित सरकारको प्रयासमा सहकारी संस्था ऐन, २०१६ आउनु सहकारीको क्षेत्रमा प्रजातान्त्रिक सरकारको उपादेयतालाई प्रष्ट पार्ने ऐतिहासिक घटना बन्न पुग्यो । सरकारी प्रयासबाट सहकारीको प्रबर्द्धन र विस्तार गर्ने नीति बमोजिम नेपालका आवधिक विकास योजना सँगै सहकारीको विकासका कार्यक्रमहरू तर्जुमा गरी सोही अनुरूप कार्यान्वयन गर्दै लगियो । वि.स.२०१९ सालमा काठमाडौंमा सहकारी प्रशिक्षण केन्द्रको स्थापना गरियो । सहकारी बैंक ऐन, २०१९ अन्तर्गत वि.स. २०२० सालमा सहकारी बैंकको स्थापना गरिएको थियो तर वि.स. २०२४ सालमा यो बैंकलाई कृषि विकास बैंकमा रूपान्तरण गरियो । वि.स. २०२० सालमा गैर वित्तीय सहकारीको रूपमा साझा प्रकाशन, साझा भण्डार, साझा यातायात र साझा स्वास्थ्य सेवाको गठन गरियो तर यी सबै संस्थाहरूमा सरकारको प्रत्यक्ष नियन्त्रण रहे । वि.स.२०४१ सालमा साझा संस्था ऐन तथा वि.स.२०४३ सालमा नियमावली जारी भयो । साझा संस्था ऐन, २०४१ लागु भएपछि साझा अभियानलाई सरकारीकरण गर्ने कार्यको थालनी भयो । बहुदलीय व्यवस्थाको पुनरस्थापना पछि वि.स.२०४७ सालमा सरकारले राधाकृष्ण मैनालीको अध्यक्षतामा राष्ट्रिय सहकारी महासंघ परामर्श समितिको गठन गऱ्यो । सात सदस्यीय यस समितिले सहकारी क्षेत्रलाई राज्यको नियन्त्रण भन्दा बाहिर राख्नु पर्ने गरी दिएका सुझावहरूका आधारमा नयाँ कानुनको निर्माण गर्‍यो जसले नेपालको सहकारी अभियानलाई धेरै लामो अवधि सम्म दिशा निर्देश गऱ्यो । सहकारी ऐन, २०४८ लाई प्रतिस्थापन गरी वि.स.२०७४ साल कार्तिक १ गतेका दिन सहकारी ऐन, २०७४ जारी गरिएको छ । नेपालको संविधानले संघले जारी गरेको सहकारी



ऐन, २०७४ को प्रावधानसँग नबाझिने गरी स्थानीय तह र प्रदेशले सहकारी ऐन तथा नियमावली निर्माण गर्न सक्ने अवस्था सिर्जना गरिदिएको छ । सहकारीको विकास र प्रबर्द्धनमा अब संघीय सरकार मात्र हैन प्रदेश तथा स्थानीय तहको सरकारले पनि स्वतन्त्र ढंगले कार्यक्रम बनाई कार्यान्वयन गर्ने अधिकार प्राप्त गरेका छन्।

वि.स.२०४९ सालमा कार्यान्वयनमा आएको सहकारी ऐन, २०४८ ले सहकारी संस्थाहरू स्वतःस्फूर्त आउने वातावरण त दियो तर, यो ऐनले विषयगत सहकारीलाई व्यवस्थापन गर्न भने सकेन। सहकारी संस्थाहरूलाई सहकारी सिद्धान्त तथा मूल्यहरूको पालना गराउने अर्थात सुशासन कायम गराउन यो ऐन असफल रह्यो भन्न सकिन्छ । राज्यले सहकारीलाई व्यवस्थित ढंगले अघि बढाउन आवश्यक संस्थागत व्यवस्थाहरू नगर्दा पनि यो समस्या आएको हो । निजी फाइदाका लागि पनि सहकारी संस्थाहरू स्थापना गर्ने होडका कारण समग्र सहकारी क्षेत्रको विकासमा नकारात्मक प्रभाव पर्न गयो ।

वि. स. २०४९ सालमा सहकारी संस्थाहरूको सबैभन्दा माथिल्लो संगठन राष्ट्रिय सहकारी संघ र केन्द्रीय विषयगत संघको रूपमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ एवम् केन्द्रीय दुग्ध उत्पादक सहकारी संघको गठन भयो । राष्ट्रिय सहकारी संघले वि. स. २०५४ सालमा अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्यता समेत प्राप्त गऱ्यो । वि. स. २०५७ सालमा कृषि मन्त्रालयको नाम परिवर्तन भई कृषि तथा सहकारी मन्त्रालय कायम गरियो । यही वर्ष सहकारी ऐन २०४८ को दफा २६ संशोधन गरी नेपालमा राष्ट्रिय सहकारी बैंक स्थापना गर्ने व्यवस्था अनुसार वि. स. २०६१ सालदेखि सहकारी बैंक सञ्चालनमा आउन सकेको छ ।

वि. स. २०७२ सालमा जारी भएको नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ को खण्ड (घ) (१) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने भन्ने प्रावधान रहेको छ । सोही खण्डको (३) मा सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने भन्ने व्यवस्था समेत संविधानमा रहेको छ । नेपालको संविधानको अनुसूची ५, ६ र ८ मा संघ, प्रदेश र स्थानीय सरकारको सहकारी सम्बन्धी एकल अधिकार क्षेत्र र ७

र ९ मा साझा अधिकार क्षेत्र सम्बन्धी व्यवस्था गरेको छ । सरकारले वि. स. २०६९ साल जेष्ठ ५ गते सहकारी तथा गरिवी निवारण मन्त्रलायको स्थापना समेत गरेकोमा देश संघीय संरचनामा गएपछि यो मन्त्रालय पुनः कृषि मन्त्रालय सँग जोडिन पुगेको छ । यतिखेर प्रदेश सरकारमा पनि भूमि व्यवस्था र कृषिसँग जोडेर सहकारी मन्त्रालयको व्यवस्था भएको छ ।

नेपालको सहकारी अभियानका प्रमुख ऐतिहासिक घटनाक्रमहरूलाई संक्षेपमा निम्न अनुसार उल्लेख गरिएको छ । आजको अवस्था सम्म सहकारीको विकास र विस्तार हुने क्रममा यिनै आरोह अवरोह पार गर्दै अहिलेको अवस्थाका सहकारीको विकास भएको हो ।

तालिका १: सहकारीको विकासक्रम

| वर्ष | कार्यक्रम |
|---|---|
| २०१० | योजना विकासका लागि कृषि मन्त्रालयको मातहतमा सहकारी विभागको स्थापना । |
| २०१३ | नेपाल सरकारद्वारा कार्यकारिणी आदेश मार्फत सहकारी संस्था गठनको प्रारम्भ भई सर्वप्रथम चितवन जिल्लामा ऋण सहकारी संस्थाको गठन । |
| २०१६ | सहकारी संस्था ऐन, २०१६ जारी । |
| २०१८ | सहकारी संस्था नियम, २०१८ जारी । |
| २०१९ | सहकारी प्रशिक्षण केन्द्रको स्थापना । |
| | सहकारी बैंक ऐन, २०१९ जारी । |
| २०२४ | सहकारी बैंक कृषि विकास बैंकमा परिणत । |
| २०२७ | सहकारी संस्था ऐन, २०१६ मा दोस्रो संसोधन |
| २०२८ | सहकारी संस्था नियमहरू, २०१८ मा प्रथम संसोधन । |
| २०३३ | सहकारी संस्था नियमहरू, २०१८ मा दोस्रो संसोधन । |
| | अनिवार्य बचत साझा संस्थाको सेयरमा परिणत । |
| २०३४ | साझा संस्था प्रशासन तथा आर्थिक नियम, २०३४ को व्यवस्था । |
| २०४१ | साझा संस्था ऐन, २०४१ जारी । |
| २०४३ | साझा संस्था नियमहरू, २०४३ जारी । |
| २०४५ | अनिवार्य बचत रकम बचतकर्तालाई फिर्ता गर्ने घोषणा । |
| २०४७ | सहकारी महासंघ परामर्श समिति गठन । |
| २०४८ | साझा केन्द्रीय कार्यालय विघटन । |
| | राष्ट्रिय सहकारी विकास बोर्ड तदर्थ रूपमा गठन । |
| २०४९ | सहकारी ऐन, २०४८ जारी । |
| | राष्ट्रिय सहकारी विकास बोर्ड ऐन,२०४९ जारी । |
| | सहकारी नियमावली २०४९ जारी । |
| २०५० | राष्ट्रिय सहकारी संघ गठन । |
| २०५४ | राष्ट्रिय सहकारी संघलाई अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्यता प्राप्त । |
| २०५७ | कृषि मन्त्रालयमा सहकारी समेत थप गरी कृषि तथा सहकारी मन्त्रालय भएको । |
| | सहकारी ऐन, २०४८ को दफा २६ मा प्रथम संशोधन भई सहकारी बैंक स्थापना गर्न सक्ने प्रावधान राखिएको । |
| २०५८ | एशिया तथा प्रशान्त क्षेत्रका सहकारी मन्त्रीहरूको छैटौं सम्मेलन काठमाडौंमा सम्पन्न । |
| २०६० | राष्ट्रिय सहकारी बैंक स्थापना । |
| | कृषि सहकारीको विकासका लागि सञ्जाल (NEDAC) को सातौं साधारण सभा काठमाडौंमा सम्पन्न । |
| २०६३ | नेपालको अन्तरिम संविधान २०६३ मा सरकारी, सहकारी र निजी क्षेत्रलाई आर्थिक विकासका आधार स्तम्भको रूपमा अवलम्बन । |
| | सहकारी स्वर्ण महोत्सव वर्ष २०६३ सम्पन्न । |
| २०६९ | सहकारी तथा गरीबी निवारण मन्त्रालयको स्थापना । |
| | राष्ट्रिय सहकारी नीति २०६९ जारी |
| २०७० | राष्ट्रिय सहकारी महासम्मेलन सम्पन्न । |
| २०७२ | नेपालको संविधानमा सार्वजनिक,निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने व्यवस्था । |

| | |
|---|---|
| २०७३ | कृषि सहकारीको विकास सञ्जाल (NEDAC) को साधारण सभा एवम् गोष्ठी काठमाडौंमा सम्पन्न । |
| २०७४ | नेपालको सहकारी क्षेत्रको दीर्घकालिन योजना २०७४/०७५-२०९३/०९४ को मस्यौदा बोर्डबाट तयारी गरी नेपाल सरकार सहकारी तथा गरिवी निवारण मन्त्रालयमा पेश गरेको । |
| | सहकारी ऐन २०७४ जारी । |
| | दोस्रो सहकारी महासम्मेलन । |
| २०७५ | सहकारी नियमावली २०७५ जारी । |

*स्रोत: सहकारी दर्पण*

आजको अवस्था सम्म आइपुग्दा नेपालमा सरकारले सहकारी ऐन २०७४ र नियमावली २०७५ लागु गरेको छ । यही ऐन र नियमावलीको अधिनमा रही प्रदेश तथा स्थानीय तहले आफ्नो सहकारी ऐन नियम बनाइ लागु गर्ने र सहकारीका सम्पूर्ण कार्यहरू गर्न सक्ने व्यवस्था सहकारी ऐनमा गरिएको छ । हाल सहकारी विभागको रेकर्ड वि.स. २०७७ अनुसार २९,८८६ सहकारी र ७३,०७,४६२ जना सदस्य रहेका छन्।

## सहकारी संस्थाका विशेषताहरू
## Features of Co-operative Organizations

सहकारी संस्थाहरू समुदायमा आधारित आर्थिक तथा सामाजिक एकाइहरू हुन् । समाजमा सहकारीहरूले आफ्ना सदस्यहरूको आर्थिक तथा सामाजिक उन्नतिका लागि व्यावसायिक कारोबारहरू सञ्चालन गर्छन् भने यसको सँगसंगै सामुदायिक विकास र सामाजिक उत्तरदायित्वका कार्यहरू समेत सम्पादन गर्छन् । सहकारीको कार्य क्षेत्र ज्यादै व्यापक र बहुआयामिक प्रकृतिको भएकोले आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकताहरू परिपूर्तिका निमित्त उनीहरूलाई एकआपसमा गोलबन्द गरी सहकारीका प्रत्येक क्षेत्रहरूमा आवद्ध गराइएको हुन्छ । सहकारी संस्कृतिको निर्माण गरौं शीर्षकमा (घिमिरे, २०७५) तथा सहकारीका मूल्य, मान्यता तथा यसका सिद्धान्तहरू एवम् कार्य क्षेत्र तथा सहकारी ऐन र नियमका आधारमा सहकारीका निम्न अनुसारका विशेषताहरू लिन सकिन्छः



**क. सदस्य केन्द्रित व्यावसाय (Member Centered Business)**

सहकारी संस्थाका सबै सेयर सदस्यहरू नै सहकारीका मालिक हुन् । प्रत्येक सदस्यले खरिद गरेको सेयरको माध्यमबाट सबै सदस्यहरू मालिक भएका हुन्छन् । सबै सेयर सदस्यहरू सहकारीको मालिक हुने हुनाले उनीहरूको आवश्यकता र हित परिपूर्ति हुनेगरी सहकारी संस्था स्थापना तथा सञ्चालन गरिएको हुन्छ । सदस्यहरूको आवश्यकता र आर्थिक हित पूरा गर्ने गरी आफ्ना सदस्यहरूसँग मात्र कारोबार गरिन्छ । सदस्यहरूको सेवा नै सहकारीको मूल उद्देश्य भएकोले सदस्य केन्द्रित व्यावसाय सहकारीको एउटा विशेषता हो ।

**ख. पारसपरिकता (Reciprocity)**

सहकारी संस्था सदस्यहरूका लागि र सदस्य सहकारीका लागि एक आपसका परिपूरक हुन् । त्यसैले सहकारी संस्थाहरूलाई सदस्यहरू र सदस्यहरूलाई सहकारी संस्था नभई हुँदैन । सहकारीका मूल्य, मान्यता तथा सिद्धान्तका आधारमा सदस्यहरू बीच पारस्परिकता र साझा बन्धन रहेको हुन्छ । त्यसैले सहकारी संस्था र सदस्यहरूको बीच पारस्परिक सम्बन्ध र साझा कडी सहकारी व्यावसायको अर्को विशेषता हो।

**ग. सदस्यहरूमा समानता (Equality in Members)**

सहकारीका निर्णयहरू एक व्यक्ति एक मतको आधारमा हुने हुनाले संस्थाका सदस्यहरू बीच कुनै प्रकारको विभेद हुँदैन । जतिसुकै सेयर रकम खरिद गरेपनि एक व्यक्ति एक मतको आधारमा संस्थाको कामकारवाही, निर्णय प्रक्रिया, नेतृत्व चयन, प्रतिफल वितरण, सहभागिता, सेवा वितरण आदि सवालहरूमा निर्णय गरिन्छ । सहकारीमा प्रत्येक सदस्यहरूको मताधिकार बराबर हुने हुनाले समानतालाई सहकारीको अर्को विशेषताको रूपमा लिन सकिन्छ ।

**घ. शोषणको अन्त्य (End of Exploitation)**

सहकारीले प्रदान गर्ने सबै सेवाहरूको मूल्य निर्धारण सदस्यहरू आफैले गर्ने हुनाले सबै सेवाको शुल्क निकै सस्तो हुन्छ । सहकारीले नाफालाई भन्दा पनि सदस्यहरूको सेवा र उनीहरूको आर्थिक सामाजिक रूपान्तरण र हितमा अधिकतम जोड दिएको हुन्छ । सहकारी र सदस्यहरूको बीचमा

कुनै पनि माध्यम हुँदैन जसले गर्दा अरूको श्रमको शोषण गरी अधिकतम नाफा कमाउने चिन्तन नहुने हुनाले श्रम शोषणको अन्त्य पनि सहकारीको अर्को विशेषता हो ।

**ङ. पारदर्शिता र खुलापन (Transparency and Openness)**

पारदर्शिता तथा खुलापन सहकारी सुशासनको प्रमुख आधार हो । सहकारी संस्थाको नीति तथा कार्यक्रम सदस्यहरू आफैले निर्माण गर्ने र सबै मिलेर पारित गर्ने हुनाले सबै सदस्यहरूलाई निर्णय तथा सूचनाहरूको जानकारी हुन्छ । कानुन अनुसार सदस्यता सबैको लागि सँधै खुल्ला हुन्छ । सदस्य र अन्य सरोकारवालालाई सूचनाको सहज पहुँचको ग्यारेण्टी हुने हुनाले पारदर्शीता र खुलापन पनि सहकारीको विशेषता हो ।

**च. प्रजातान्त्रिक प्रणाली (Democratic System)**

सहकारी स्थापना गर्दा संस्थाको विनियम निर्माण तथा अन्य विभिन्न चरणहरू पार गर्नु पर्छ । सदस्यहरूद्वारा स्वीकार गरिएको संस्थाको विनियमको आधारमा सदस्यहरूद्वारा निर्वाचित सञ्चालक समितिले संस्था सञ्चालन गर्छ । त्यसैले गर्दा यसको व्यवस्थापन सँधै प्रजातान्त्रिक प्रणालीमा आधारित हुन्छ । सदस्यहरूको प्रजातान्त्रिक नियन्त्रणवाट मात्र सहकारी संस्था अविच्छिन्न रूपमा सञ्चालन हुन सक्छ । प्रजातन्त्रिक प्रणालीले सदस्यहरूको सक्रिय सहभागिताको अपेक्षा गर्ने हुनाले सदस्य सहभागिता विना प्रजातन्त्र सफल हुनै सक्दैन । त्यसैले प्रजातान्त्रिक प्रणालीलाई पनि सहकारीको एउटा विशेषताको रूपमा लिएको छ ।

**छ. व्यक्तिगत जिम्मेवारी (Personal Responsibility)**

कुनै पनि व्यावसायलाई दिगो र भरपर्दो बनाउन त्यस व्यावसाय सँग सम्बन्धित व्यक्तिको व्यक्तिगत जिम्मेवारी महत्त्वपूर्ण हुन्छ । सहकारीलाई पनि सफल बनाउन सबै सदस्य, पदाधिकारी र कर्मचारीहरूले व्यक्तिगत तथा समूहगत रूपमा आ-आफ्नै किसिमले काम, कर्तव्य र दायित्व निर्वाह गर्नु पर्छ । सहकारीमा आफ्नो जिम्मेवारी वहन गर्नु असल नागरिकको कर्तव्य हो । सहकारीमा व्यक्तिगत जिम्मेवारी वहन गर्न नसक्ने व्यक्ति सदस्य बन्न समेत नपाउने भएकाले व्यक्तिगत जिम्मेवारी पनि सहकारीको एउटा विशेषता हो ।



**ज. सामाजिक उत्तरदायित्व (Social Responsibility)**

सहकारी संस्थाहरू समुदायमा जन्मन्छन्, हुर्कन्छन् र फुल्छन् फल्छन् । त्यसैले सहकारी र समुदाय वीचको अन्तरसम्बन्धले यसको सफलतामा धेरै महत्त्व राखेको हुन्छ । सहकारीहरूले आफ्ना सदस्यहरूको अतिरिक्त समाजको विकासमा पनि उल्लेख्य सहयोग गरेका हुन्छन् । साथै यो एक सामाजिक संस्था पनि भएको हुनाले समुदायका बृद्ध, बालक, अपाङ्ग, रोगी, निरक्षर, निमुखा, गरिव तथा सिमान्तकृत समुदाय आदिको आवश्यकता र समस्या समाधानमा सहकारीले ध्यान दिएको हुन्छ । त्यसैले सामाजिक उत्तरदायित्व वहन गर्नु पनि सहकारीको एउटा विशेषता हो ।

**झ. स्वावलम्बन ( Self-Reliance)**

सदस्यहरूले आफ्नो लागि आफैं काम गर्नु स्वावलम्बन हो । सहकारीका सदस्यहरूले अरू माथि भरपर्ने बानी तथा संस्कार वोकेका हुँदैनन् । सहकारीका सदस्यहरू आत्मनिर्भर हुने हुनाले बाह्य संसारसँग प्रतिस्पर्धा गरी समानताको आधारमा अघि बढ्न सक्षम भएका हुन् । सहकारीले सदस्यहरूलाई विभिन्न सीप तथा तालिम दिएर, योग्यता तथा क्षमता अनुसारको व्यावसाय गर्न सक्ने तथा आफ्ना लागि आफैले काम गर्न सक्ने गराउने हुनाले स्वावलम्बन पनि सहकारीको एउटा विशेषता हो।

**ञ. कानुनी अस्तित्व (Legal Existence)**

सहकारी संस्था कानुन बमोजिम दर्ता गरिएको हुन्छ र दर्ता गर्दा यसको विनियम तथा अन्य आवश्यक नितीगत कागजातहरू तयार गरिएको हुन्छ । यीनै विनियम तथा नितीगत कागजातहरूको आधारमा सहकारीका सबै कारोबार तथा गतिविधिहरू सञ्चालन गरिएका हुन्छन् । यो एक अविच्छिन्न उत्तराधिकारवाला संस्था पनि हो । यसले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्दछ । सम्पूर्ण सहकारी संस्थाहरू कानुनद्वारा मात्र स्थापना तथा विघटन गर्न सकिने हुनाले कानुनी अस्तित्व पनि यसको एउटा विशेषता हो ।

**ट. विचौलिया प्रथाको अन्त्य (End of Middleman Practice)**

सहकारी संस्थाको मुख्य उद्देश्य सदस्यहरूलाई विचौलियाहरूको शोषणवाट बचाउने र उनीहरूको श्रमको मूल्य उनीहरूलाई नै उपलब्ध गराउनु हो ।

सहकारी आन्दोलन विचौलिया विरूद्धको आन्दोलन हो । विचौलिया वर्गको व्यापारिक शोषणबाट उत्पादक र उपभोक्तालाई मुक्त गर्न सहकारी उद्यमको थालनी भएको हो ।

**ठ. स्वनियमनबाट सञ्चालन (Operating Through self-Regulation)**

सहकारी संस्थाहरू स्वनियमनकारी हुन्छन् । सहकारी संस्थाले आफ्नो संस्था सञ्चालन गर्ने नियमावली आफै तयार गरी आफै लागु गर्ने काम गर्दछन् । संस्था सञ्चालनमा बाह्य हस्तक्षेप र अनुगमन निरूत्साहित गर्न स्वनियमन बलियो र सबल हुन आवश्यक देखिन्छ । त्यसैले स्वनियमनकारी चरित्र पनि सहकारीको एउटा विशेषता हो।

**ड. मूल्य सहितको सेवा (Price With Service)**

सहकारी संस्थाहरू परोपकारी र सामाजिक संस्था होइनन् । यी त व्यावसायिक एकाइहरू हुन् जसले वस्तु तथा सेवा उत्पादन र वितरण गर्दछन् । वस्तु तथा सेवा उत्पादन र वितरण गर्दा लाग्ने सम्पूर्ण खर्च व्यहोर्ने गरी मूल्य निर्धारण गरिएको हुन्छ । यसमा कुनै पनि प्रकारको मध्यस्थकर्ता समावेश हुँदैन । त्यसैले सहकारी व्यावसायमा कुनै पनि सदस्यले मूल्य विनाको सेवा प्राप्त गर्न सक्दैन । सहकारीको सेवा मूल्य सहितको तर किफायती हुन्छ ।

## नेपालमा सहकारीको आवश्यकता
## Need of Co-operative in Nepal

देशमा छरिएर रहेको रकमलाई एकत्रित गर्दै सहकारी संस्था मार्फत आफ्ना सदस्यहरूलाई उत्पादनमूलक, सेवामूलक तथा अन्य क्षेत्रमा सङ्गठित गर्दै अगाडि बढेको सहकारी संस्था आज हरेक गाउँगाउँमा आफ्नो सेवा विस्तार गर्न सफल भएका छन् । यसैको फलस्वरूप आज सहकारी संस्थाको सङ्ख्या दिनानुदिन थपिँदै गएको पनि छ । मुलतः आर्थिक क्रियाकलापद्वारा पुँजीको संकलन, लगानी, उत्पादन, उपभोग, वितरण र बचत गर्ने लक्ष्य भएको सहकारी सबै गरिब, विपन्न तथा निम्न आय भएका वर्गका लागि महत्त्वपूर्ण क्षेत्र बनेको सर्वविदितै छ । सहकारी संस्थाहरू आफ्नो उद्देश्य, मूल्य, मान्यता र सिद्धान्त अनुरूप सञ्चालन हुन सकेमा देश तथा समाजको लागि धेरै योगदान दिन सक्ने कुरा प्रमाणित भइसकेको छ । समग्रमा यसको आवश्यकतालाई निम्न लिखित बुँदाहरूमा वर्णन गर्न सकिन्छ ।

M-835



**क. रोजगारी सिर्जना (Job Creation)**

विभिन्न क्षेत्रमा स्थापना भएका सहकारीहरूले हजारौंको सङ्ख्यामा रोजगारी सिर्जना गरेका छन् । सहकारी संस्थामा कार्यगर्ने कर्मचारी मात्रै नभई त्यस अन्तर्गत ऋण लिएर विभिन्न व्यावसाय सञ्चालन गर्ने व्यावसायिक कार्यद्वारा ठूलो सङ्ख्याले रोजगारी प्राप्त गरेका छन् । जस्तै कृषि, माछापालन, बाखापालन, टनेलखेती, च्याउखेती, फलफूलखेती लगायत अनेकौं व्यावसायबाट मनग्गे रोजगारी प्राप्त भएको छ जसले बेरोजगारी समस्यालाई केही मात्रामा भए पनि हल गर्न सहयोग पुऱ्याएको छ । सहकारी विभागद्वारा प्रकाशित सहकारी तथ्याङ्क (सहकारी विभाग,२०७७, श्रावण-कार्तिक) को रेकर्ड अनुसार सहकारी संस्थाका विभिन्न पदमा ८८,३०९ जनाले प्रत्यक्ष रोजगारी पाएका छन्।

**ख. आर्थिक विकास (Economic Development)**

सहकारीहरूले समाजमा विभिन्न व्यक्तिहरूसँग छरिएर रहेको स-सानो रकमलाई जम्मा गर्न प्रोत्साहित गर्छन् र जम्मा भएको रकमलाई आफ्ना सदस्यहरूको माग अनुसार उत्पादन तथा सेवामूलक क्षेत्रमा लगानी गर्छन् । यसबाट बचतकर्ताले ब्याज प्राप्त गर्छन् भने व्यावसाय गर्ने इच्छा भएका सदस्यले ऋण स्वरूप पुंजी प्राप्त गर्दछन् । "एकले थुकी सुकी सयले थुकी नदी" भनेझै धेरैजनाबाट स-सानो रकम जम्मा गरी ठूलो पुँजी बनाई उत्पादनमूलक वा विभिन्न क्षेत्रमा लगानी गर्दा व्यक्तिगत रूपमा आफ्ना सदस्य तथा समग्रमा समाजको समेत आर्थिक विकास हुन्छ ।

**ग. शिक्षाको विकास (Development of Education)**

सहकारीले प्रत्येक वर्ष आफ्ना सदस्यहरूलाई सहकारीको कसरी विकास गर्ने, कसरी सदस्यको बचतलाई सुरक्षित गर्ने, संस्थामा भएको बचतलाई सुरक्षित तरिकाले कसरी लगानी गर्ने आदि जस्ता विषयमा तालिम सञ्चालन गर्दछ । यसबाट सदस्यहरूको वित्तीय तथा व्यावसायिक शिक्षाको स्तरमा बृद्धि हुन्छ । जुनसुकै आर्थिक क्रियाकलाप सञ्चालनका लागि वित्तीय शिक्षाको खाँचो अनिवार्य हुन जान्छ । लगानीका जोखिम, वित्तीय सेवाबाट प्राप्त हुने मुनाफा आदिको बारेमा जानकार बन्नका लागि वित्तीय शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ जुन कार्य सहकारीका माध्यमबाट हरेक सदस्यहरूले सहज रूपले प्राप्त गर्न सकेका हुन्छन् ।

Mid-Western University
Central Library
Birendranagar Surkhet

**घ. स्वास्थ्यको विकास (Health Development)**

सहकारी सदस्यहरूले आवश्यक परेको समयमा सहुलियतपूर्ण दरमा ऋण लिएर पनि आफ्नो स्वास्थ्य समस्याहरू सहजै रूपमा समाधान गर्ने अवसर प्राप्त गरेका हुन्छन् । कतिपय सहकारीहरूले विभिन्न स्वास्थ्य शिविरहरू सञ्चालन गरी सर्वसाधारण नागरिकको स्वांस्थ्य सेवामा पहुँच पुऱ्याएका छन् । साथै सहकारीहरूले स्वस्थ रहनको लागि जनचेतनामूलक कार्यक्रम पनि सञ्चालन गरिरहेका हुन्छन् । त्यसैले सहकारीहरूले जनचेतना मार्फत वा सस्तो दरमा ऋण उपलब्ध गराएर वा शिविरहरू सञ्चालनमा ल्याएर स्वास्थ्यको विकासमा समेत सहयोग गरेका हुन्छन् ।

**ङ. वातावरण संरक्षण (Environment Protection)**

पृथ्वीको तापमान बढ्ने क्रमले वातावरणमा अनेकौं समस्याहरू देखिएका छन् । जलवायु परिवर्तनका कारण मानव अनुकूल वातावरणमा ह्रास आएको छ । वातावरण संरक्षणमा सहकारीहरूको योगदान महत्त्वपूर्ण रहेको छ । कृषि सहकारीहरूले फलफूल खेती, तरकारी, जडीबुटी, पुष्प व्यावसाय, सामुदायिक वन आदि मार्फत वातावरणीय संरक्षणका लागि प्रभावकारी भूमिका खेल्दै आएका छन् । जैविक विविधता संरक्षणमा समेत सहकारी मार्फत अनेकौं कार्यहरू सम्पादन भएका छन् । सामुदायिक वनको संरक्षण तथा लोपोन्मुख जडिबुटीको संरक्षण, औषधीय वनस्पतिको व्यावसायिक खेती जसमा अशोक चाँप, धूपी, जिम्बु, पारिजात, सल्लो निरमसी, जटामसी, जस्ता निकै उपयोगी वनस्पतीको व्यावसायिक उत्पादन मार्फत आयआर्जन गर्दै वातावरण संरक्षणमा समेत टेवा पुऱ्याएको पाइन्छ ।

**च. नेतृत्व विकास (Leadership Development)**

सहकारी संस्था सञ्चालन तथा व्यवस्थापनका सम्पूर्ण कार्यहरू सदस्यहरू मिलेर आफै गर्नुपर्छ र उनीहरूले व्यक्तिगत वा सामूहिक रूपमा विभिन्न पदमा बसेर कार्य गर्नु पर्छ । यसबाट सदस्यहरूको निर्णय लिन सक्ने क्षमताको साथसाथै संस्थालाई नेतृत्व दिन सक्ने क्षमताको विकास हुन जान्छ । नेतृत्व क्षमताको विकासले महिला सशक्तीकरणमा पनि योगदान पुर्‍दै आएको छ ।



**छ. गरिबी न्यूनीकरण (Poverty Reduction)**

न्यून आय तथा सीमित स्रोतसाधन भएका व्यक्तिहरूले सहकारी मार्फत विभिन्न व्यावसाय वा आर्थिक क्रियाकलाप गर्न सक्छन् । सहकारीले एकातिर सेयर सदस्यहरूको बचत बृद्धि गर्छ भने अर्को तिर व्यक्तिगत वा सामूहिक लगानी गरी सदस्यहरूलाई आर्थिक रूपले सबल बनाउन सहयोग गर्छ । व्यक्ति वा समाज आर्थिक रूपले सम्पन्न बन्दा समग्रमा देशको गरिबी न्यूनीकरणमा समेत महत्त्वपूर्ण टेवा पुग्छ । सामान्य ग्रामीण तथा दूर्गम भेगका महिला, दलित, सुकुम्वासी, आदिवासी, कमैया, अपाङ्गता भएका व्यक्ति आदिलाई गरिबीको कुचक्रबाट माथि उठाउने कार्यमा सहकारी संस्थाहरू वरदान नै सावित भएका छन् । राष्ट्रले गरिबी न्यूनीकरणका लागि अनेकौं कार्यक्रम सञ्चालन गरिरहेको सन्दर्भमा सहकारी संस्था आफैले त्यस कार्यलाई प्रभावकारी रूपमा सहयोग पुऱ्याइरहेको हुन्छ ।

**ज. बचत गर्ने बानीको विकास (Develop the habit of Saving)**

सहकारीहरूले सहकारी शिक्षा मार्फत आफ्ना सदस्यहरूलाई संस्थाको योजना अनुसार विभिन्न प्रकारका बचतमा रकम जम्मा गर्न प्रोत्साहन गर्छन् । यसै शिक्षा मार्फत कमाउनुको साथसाथै त्यसको केहि अंश भविष्यको लागि अनिवार्य रूपमा बचत गर्नु पर्छ भन्ने भावनाको विकास गराउँछन् । सदस्यले आर्जन गरेको रकम मध्ये दैनिक, मासिक वा ऐच्छिक रूपमा कति बचत गर्न सक्छ त्यसलाई नियमित रूपमा बचत गर्ने बानीको विकास गर्नका लागि सहकारी नै अत्यन्तै उपयुक्त संस्था वन्न पुगेको छ । लामो समय पश्चात् नियमित र थोरै रकमको बचत पनि ठूलो पुंजीमा परिणत भएर ठूलो क्षेत्रमा लगानी गर्ने पुंजीको स्रोत बन्ने भएकोले यसले बचत गर्ने बानीमा सहयोग पुऱ्याउँछ ।

**झ. सामूहिक भावनाको विकास (Development of Collective Spirit)**

सहकारीले समूहमा मिलेर कार्य सम्पादन गर्न सिकाउँछ । सहकारीमा आवद्ध आफ्ना सबै सदस्यहरू बीच निरन्तर भेटघाट, सहयोगको आदान प्रदान, धार्मिक तथा सांस्कृतिक कार्यक्रममा सहभागिता, गाह्रो साँघुरो अवस्थामा आपसी सहयोग लगायत विविध पक्षमा सहकारीले सामूहिक

भावनाको विकास गराउन सफल भएको छ। यसले हाम्रो समाजलाई सभ्य, समुन्नत र एकतावद्ध बनाउन समेत सहयोग गर्दै आएको देखिन्छ जुन समाजको लागि एउटा स्वागतयोग्य पक्ष समेत हो ।

**ञ. व्यावसायिक भावनाको विकास (Development of Professional Spirit)**

सहकारीका सदस्यले सेयरको रकममा लाभांस प्राप्त गर्छन् भने जम्मा भएको बचतमा ब्याज प्राप्त गर्छन्। बचत भएको रकमबाट संस्थाहरूले लगानी गरी त्यसबाट राम्रो प्रतिफल पनि प्राप्त गर्छन् । सहकारीले हरेक नागरिकलाई सहकारी शिक्षा मार्फत व्यावसायतर्फ उन्मुख गराउँछ । सहकारीले सदस्यहरूमा उर्जा जगाई सीपयुक्त र सक्रिय जीवन व्यतीत गराउन समेत महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । सहकारीबाट सदस्यहरूले आर्थिक लाभ कसरी लिने भन्ने चेतना प्राप्त गरेका हुन्छन् । त्यसैले सदस्यलाई सामूहिक र व्यावसायिक भावनाको विकास गराई सदस्यहरूको आर्थिक समृद्धिका साथसाथै व्यावसायिक भावनाको विकासमा समेत सहकारीहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् ।

**ट. स्वावलम्बी तथा आत्मनिर्भरताको विकास (Self-Reliance and Development of Self-Reliance)**

सहकारी संस्था मार्फत व्यावसाय गर्दै जाँदाको अन्तिम परिणाम भनेकै आत्मनिर्भर हुनु हो । त्यसको उपलब्धि भनेकै सानो रकमको खाँचो कहिल्यै नहुनु हो । आवश्यक रकमको लागि अर्काको आशा गर्नुपर्दैन। प्रत्येक सदस्य आर्थिक रूपले सक्षम बन्दै जाने भएकोले सहकारी संस्थाबाट व्यक्ति स्वावलम्बी र आत्मनिर्भर हुन्छ जुन व्यक्तिको लागि सर्वोच्च र उदाहरणीय पक्ष पनि हो ।

**ठ. सामाजिक सम्मान प्राप्ति (Achieving Social Respect)**

सहकारी संस्था मार्फत विभिन्न कार्य सम्पादन गर्दै जाँदा आफ्नो टोल, समुदाय, गाउँ वा नगरबाट समाजसेवा वा आर्थिक रूपमा गरिएका प्रयासका लागि समुदायका नागरिकबाट सामाजिक सम्मान प्राप्त गर्ने अवस्थाको सिर्जना हुन्छ जसबाट व्यक्ति समाजमा प्रतिष्ठित र चर्चित हुनपुग्छ भने आफूले गरेको कार्यको सही मूल्याँकन हुँदा आत्मसन्तुष्टि समेत बढ्दै जान्छ जुन मानव जीवनको महत्त्वपूर्ण पक्ष पनि हो।



**ड. तालिम तथा प्रविधिको उपलब्धता (Availability of Training and Technology)**

सहकारी संस्था मार्फत हरेक सदस्यले सहकारीसँग सम्वन्धित विभिन्न तालिम तथा नवीन प्रविधिका बारेमा नयाँ ज्ञान र तरिकाहरूको जानकारी प्राप्त गर्छन् । वर्तमान अवस्थामा विकसित भएका प्रविधिको बारेमा पनि उसले नयाँ तथ्यहरू प्राप्त गर्न सक्छ । यसले गर्दा सदस्यमा थप आत्मबल र उर्जा प्राप्त भई व्यावसायमा चुस्तता प्राप्त गर्नमा पनि सहयोग पुग्न जान्छ।

देशको समग्र विकासका लागि सहकारी प्रमुख माध्यम भएर पनि यसलाई अझै प्रभावकारी उद्देश्य प्राप्तिमा क्रियाशील भएर सिद्धान्तमा आधारित मूल्य मान्यतामा बाँधिएर स्वच्छ प्रतिस्पर्धा गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता रहेको छ । सहकारी नियमन गर्ने निकायबाट प्रभावकारी ढँगले आर्थिक अनुशासन र सहकारीको भावना अनुरूप नियमभित्र रहेर कार्य गर्नलाई प्रोत्साहित गरेमा यसको महत्त्व भझ बढ्ने कुरामा कसैको पनि दुई मत छैन ।

## नेपालमा सहकारीको वर्गीकरण

## Classification of Co-operatives in Nepal

सहकारी संस्था दर्ता गर्नसकिने क्षेत्रका आधारमा सहकारीलाई उत्पादक संस्था, उपभोक्ता संस्था, वीत्तीय संस्था, श्रमिक संस्था र बहुउद्देश्यीय संस्था गरी पाँचवटामा वर्गीकरण गर्न सकिन्छ । त्यसैगरी संस्था दर्ता गर्दा राखिने उद्देश्यका आधारमा सहकारी संस्थालाई विषयगत सहकारी र बहुउद्देश्यीय सहकारी गरी दुईवटामा विभाजन गर्न सकिन्छ । सहकारी संस्थाहरूको वर्गीकरणलाई (सहकारी नियमावली, २०७५) को नियम ११ अनुसार निम्न वर्गमा विभाजन गर्न सकिन्छः

**१. प्रारम्भिक सहकारी संस्थाहरूको कार्य क्षेत्रका आधारमा वर्गीकरण**

सहकारी नियमावली २०७५ को नियम ११ मा व्यवस्था भए बमोजिम प्रारम्भिक सहकारी संस्थाहरूले दर्तागरी कार्य सञ्चालन गर्न सक्ने क्षेत्रहरूको आधारमा सहकारीहरूलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ।

क. **उत्पादक संस्था (Production Co-operative):** विभिन्न वस्तुहरू उत्पादन गर्नेगरी उत्पादक समूहहरू मिलेर गठन भएका उत्पादक सहकारीहरू यस वर्गमा पर्छन् । यस्ता सहकारीहरू एउटै विषयका

विषयगत सहकारी जस्तै दुग्ध, चिया, कफी, उखु, जुनार, सुपारी, जडीबुटी, बीउबिजन, मौरीपालन, तरकारी तथा फलफूल पशुपन्छी पालन र माछापालन विशेषका विषयगत सहकारी र अदुवा बाली एवम् उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्थाहरू गठन गर्न सकिन्छ ।

सहकारीको भाषामा उत्पादक हुनका लागि उत्पादन कार्यमा श्रमको उपयोग भएको हुनुपर्छ । जस्तै कुनै समुदायमा भएको सामुदायिक जंगलमा त्यो समुदायका उपभोक्ताहरू मिलेर जडीबुटी संरक्षण गर्ने र सङ्कलन गर्ने कार्य गर्दछन् भने त्यस्ता समुदायका व्यक्तिहरूले उत्पादक संस्था दर्ता गर्न सक्छन्।

ख. **उपभोक्ता संस्था (Consumption Co-operative):** सदस्यहरूको आवश्यकता र माग बमोजिम उपभोग्य वस्तु वा सेवाहरू उत्पादन र उपभोग गर्नेगरी गठन भएका उपभोक्ता सहकारी संस्थाहरू यस वर्गमा पर्छन् । जस्तै उपभोक्ता भण्डार, विद्युत, सञ्चार र स्वास्थ्य विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्थाहरू।

कुनै समाजका आम व्यक्तिहरू मिली आफ्नो समुदायमा बगेको खोलामा लगानी गरी आम जनताले प्रयोग गर्ने गरी बिजुली निकाल्न विद्युत सहकारी संस्था दर्ता हुन सक्छ । यसमा आम जनता उपभोक्ता हुन्छन्। आयोजनाको बिजुली जहाँसम्मलाई पुग्छ त्यहाँसम्म सदस्यताको क्षेत्र कायम गरी त्यसभित्रका इच्छुक सबै स्थानीय उपभोक्ताहरूलाई सदस्यता खुला राखेर तिनैमध्येका अगुवाहरूले संस्था दर्ता गराउन सक्छन् ।

त्यसैगरी स्थानीय प्राकृतिक स्रोतका हकदार स्थानीय जनता नै हुन् भन्दैमा आफूहरूलाई पुगी उब्रेको बिजुली बेच्ने हिसाबमा जलविद्युत सहकारी संस्था गठन गर्न सकिँदैन । उपभोक्ताको हैसियतमा दर्ता हुने संस्थाको प्रयोजन उपभोग नै हुनुपर्छ । आयोजना लघु भए गाउँपालिकाका एक-दुई वडा, सानो भए गाउँपालिकाभरि अनि मध्यम खालको भए दुई-तीन वा बढी स्थानीय तहसम्म पनि सदस्यताको क्षेत्र कायम गर्न सकिन्छ तर प्रयोजन उपभोग नै हुनुपर्छ ।



ग. **वित्तीय संस्था (Financial Co-operative):** बचत तथा ऋणको मात्र कारोबार गर्ने गरी गठन भएका वित्तीय सहकारी संस्था यस वर्गमा पर्छन् । कुनै समुदायका विभिन्न व्यक्तिहरू मिलेर बचत तथा सेयर जम्मा गर्ने र संकलित बचत तथा सेयर रकम आफ्ना सदस्यहरूलाई विभिन्न प्रयोजनको लागि लगानी गर्नेगरी वित्तीय सहकारी संस्था गठन गर्न सक्छन् ।

घ. **श्रमिक संस्था (Labour Co-operative):** हस्तकला, खाद्य परिकार, गैर खाद्य, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप तथा श्रमको विशेषता एवम् स्वरोजगारीको योजना लगायत अन्य श्रममा आधारित श्रमिक सहकारी संस्थाहरू यस वर्गमा पर्छन् । कुनै टोल वा समाजमा बस्ने रिक्सा चालकहरू मिलेर उनीहरूको हकहितको लागि श्रमिक सहकारी गठन गर्न सक्छन् तर कुनै समाजमा ३० जना व्यक्तिहरूले ५० वटाका दरले रिक्सा किनी १५०० जनालाई रोजगारी दिएका छन् भने यस्तो अवस्थामा उनीहरू ५० जना मिलेर श्रम सहकारी गठन गर्न सक्दैनन् तर १५०० रिक्सा चालकहरू मिलेर श्रम सहकारी गठन गर्न सक्छन् ।

ङ. **बहुउद्देश्यीय संस्था (Multipurpose Co-operative):** उत्पादन, उपभोग, वित्तीय र श्रम वा सीपमा आधारित स्वरोजगारीका सिर्जना गर्नेगरी बहुउद्देश्यीय भएका सहकारी संस्थाहरू यस वर्गमा पर्छन् । बहुउद्देश्यीय सहकारी संस्थामा उत्पादन पनि आफै गर्ने, उपभोग पनि आफै गर्ने, र त्यसमा लाग्ने श्रम पनि आफै व्यवस्था गर्नेगरी सहकारी संस्था दर्ता गर्न सकिन्छ।

खासगरी ग्रामीण समुदायमा खेतीपाती गर्ने, श्रम गर्ने र उपभोग गर्ने तीनैथरी परिवारहरू सँगै बस्दछन्। समुदायका सबै जनाले सबैका यावत् आवश्यकताहरू पूरा गर्ने र समुदाय बनाउने चिन्तनबाट साझा आकाङ्क्षाहरू हासिल गर्नेगरी सहकारी ढाँचामा सङ्गठित तीनैथरी आर्थिक प्रकृति भएका समुदायका व्यक्तिहरूको सङ्गठनलाई बहुउद्देश्यीय सहकारी भनिन्छ।

## २. सहकारी संघको आधारमा वर्गीकरण

सहकारी व्यावसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न विभिन्न तहमा विभिन्न संघहरू दर्ता गर्न सकिने व्यवस्था भए अनुरूप निम्न अनुसारका सहकारी संघहरू गठन गर्न सकिन्छ ।

**क. जिल्ला विषयगत सहकारी संघ (District Sectoral Co-operative Association)** सहकारी ऐन २०७४ को दफा ४ मा सहकारी व्यावसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न कम्तिमा एघारवटा प्रारम्भिक संस्थाहरूले आपसमा मिली आफ्नो विषयको जिल्ला विषयगत सहकारी संघ गठन गर्न सक्नेछन् तर नेपाल सरकारले "क" वर्ग भनी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तिमा छवटा प्रारम्भिक संस्थाहरू आपसमा मिली जिल्ला विषयगत सहकारी संघ गठन गर्न सक्ने व्यवस्था गरिएको छ ।

**ख. जिल्ला सहकारी संघ (District Co-operative Association):** सहकारी ऐन २०७४ को दफा ५ मा सहकारी व्यावसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न कम्तिमा पन्ध्रवटा प्रारम्भिक संस्था वा जिल्ला विषयगत सहकारी संघहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्नेछन् तर नेपाल सरकारले "क" वर्ग भनी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तिमा सातवटा प्रारम्भिक संस्थाहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्ने व्यवस्था गरिएको छ । यसरी संघ गठन गर्दा दर्ता भएका जिल्लाभरिका पचास प्रतिशत भन्दा बढी विषयगत सहकारी संघहरू समावेश गराएको हुनुपर्ने छ ।

**ग. प्रदेश विषयगत सहकारी संघ (Provincial Sectoral Co-operative Association):** सहकारी ऐन २०७४ को दफा ६ मा सहकारी व्यावसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न दर्ता भई कार्यरत रहेका कम्तिमा पाँचवटा जिल्लाका पच्चीसवटा विषयगत सहकारी संस्थाहरू वा विषयगत जिल्ला सहकारी संघहरू आपसमा मिली आफ्नो विषयको प्रदेश विषयगत सहकारी संघ गठन गर्न सक्नेछन् । यसरी संघ गठन गर्दा दर्ता भएका प्रदेश भरिका पचास प्रतिशत भन्दा बढी जिल्ला विषयगत सहकारी संघहरू समावेश गरिएको हुनुपर्ने छ ।



**घ. प्रदेश सहकारी संघ (Provincial Co-operative Association):** सहकारी ऐन २०७४ को दफा ७ मा सहकारी व्यावसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न दर्ता भई कार्यरत रहेका कम्तिमा पाँचवटा जिल्लाका एकतीसवटा प्रारम्भिक सहकारी संस्थाहरू वा जिल्ला सहकारी विषयगत संघहरू वा जिल्ला सहकारी संघहरू वा प्रदेश विषयगत सहकारी संघ आपसमा मिली प्रदेश सहकारी संघ गठन गर्न सक्नेछन् । यसरी संघ गठन गर्दा दर्ता भएका प्रदेश भरिका जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ र प्रदेश विषयगत सहकारी संघहरू प्रत्येकको पचास प्रतिशत भन्दा बढी संघहरू समावेश गरिएको हुनुपर्ने छ ।

**ङ. केन्द्रीय विषयगत सहकारी संघ (Central Sectoral Co-operative Association):** सहकारी ऐन २०७४ को दफा ८ मा सहकारी व्यावसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न दर्ता भई कार्यरत रहेका कम्तिमा सातवटा जिल्लाका एकाउन्नवटा विषयगत सहकारी संस्थाहरू वा विषयगत जिल्ला सहकारी संघहरू वा विषयगत प्रदेश सहकारी संघहरू मिली आफ्नो विषयको केन्द्रीय विषयगत सहकारी संघ गठन गर्न सक्ने व्यवस्था गरिएको छ । तर त्यसरी संघ गठन गर्दा विषयगत जिल्ला सहकारी संघहरू वा विषयगत प्रदेश सहकारी संघहरू प्रत्येकको पचास प्रतिशत भन्दा बढी संघहरू समावेश गरिएको हुनुपर्ने छ ।

**च. राष्ट्रिय सहकारी महासंघ (Federation of National Co-operatives):** सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको आधारमा सहकारी क्षेत्रमा सुशासन, प्रवर्द्धन गर्ने, गराउने लगायतका कार्य गर्न देहाय बमोजिमका संस्था वा संघहरूले आपसमा मिली राष्ट्रिय सहकारी महासंघ गठन गर्न सक्ने व्यवस्था सहकारी ऐन २०७४ को दफा १० मा गरिएको छ ।

- जिल्ला विषयगत सहकारी संघ अन्तर्गतका पचास प्रतिशतभन्दा बढी जिल्ला विषयगत सहकारी संघ,
- जिल्ला सहकारी संघ अन्तर्गतका पचास प्रतिशतभन्दा बढी जिल्ला सहकारी संघ,

- प्रदेश विषयगत सहकारी संघ अन्तर्गत गठन भएका पचास प्रतिशतभन्दा बढी प्रदेश विषयगत सहकारी संघ,
- प्रदेश सहकारी संघ अन्तर्गत गठन भएका पचास प्रतिशतभन्दा बढी प्रदेश सहकारी संघ,
- केन्द्रीय विषयगत सहकारी संघ अन्तर्गत गठन भएका पचास प्रतिशतभन्दा बढी केन्द्रीय विषयगत सहकारी संघ।

**छ. अन्तर्राष्ट्रिय सहकारी संघ (International Co-operative Alliance):** अन्तर्राष्ट्रिय सहकारी संघ संसारभरका सहकारीहरू मिलेर बनेको हुन्छ । यसमा सबै देशका केन्द्रीय तथा राष्ट्रिय संघले सदस्यता प्राप्त गर्दछन् । सहकारी उत्थानको लागि अन्तर्राष्ट्रिय स्तरमा सभा, गोष्ठी आदि आयोजना गरी सहकारी विकासमा मद्दत पुऱ्याउने कार्यहरू हुन्छन् ।

**३. सहकारी संस्थाको उद्देश्यका आधारमा वर्गीकरण**

सहकारी संस्थाले संस्था दर्ता गर्ने समयमा कुनै एउटा विषयमा काम गर्नेगरी वा कुनै एउटा कार्यमा काम गर्ने गरी संस्था दर्ता गरिन्छ भने त्यस्ता सहकारीलाई विषयगत सहकारी भनिन्छ । जस्तैः कुनै एउटा सहकारीले भेडापालन कृषक सहकारी गठन गर्दछ भने यो विषयगत सहकारी हुन्छ किनभने यस्ता सहकारीले भेडापालनसँग सम्बन्धी मात्र काम गर्न पाउँछ तर कुनै समुदायमा कृषि सहकारी गठन हुन्छ भने त्यस्ता सहकारीलाई कार्यगत सहकारी वा बहुउद्देश्यीय सहकारी भनिन्छ । किनभने यस्ता सहकारीले कृषिसँग सम्बन्धी कुनै पनि कार्य गर्न पाउँछन् ।

त्यसैगरी संस्था दर्ता गर्ने समयमा उत्पादन, उपभोग, र श्रम तीनओटैमा आधारित स्वरोजगारी सिर्जना गर्नेगरी दर्ता गरिएको सहकारी संस्थालाइ बहुउद्देश्यीय सहकारी संस्था भनिन्छ। बहुउद्देश्यीय सहकारी संस्थामा उत्पादन पनि आफै गर्ने, उपभोग पनि आफै गर्ने, र त्यसमा लाग्ने श्रम पनि आफै व्यवस्था गर्नेगरी सहकारी संस्था दर्ता गर्न सकिन्छ ।

## सहकारी सिद्धान्तहरू
## Co-operative Principles

सहकारी संस्थाहरू दिगोपना र समावेशी प्रकृतिका व्यावसायिक उद्यमहरू हुन् । सहकारी संस्थाहरूले रोजगारीको सिर्जना, काम गर्ने वातावरण, प्रतिस्पर्धी ज्याला



दर, अतिरिक्त आयमा वृद्धि, समाजलाई सहयोग र शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा उल्लेखनीय रूपमा सुधार गर्दै सदस्यहरूलाई सेवा र सुविधा उपलब्ध गराउने गर्छन् । हरेक सहकारी संस्थाहरू अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) ले प्रतिपादन गरेका मूल्य, मान्यता र सिद्धान्तको परिधिभित्र रहेर सञ्चालन हुने गर्छन् ।

नेपाली शब्दकोश अनुसार साधारण व्यवहारमा प्रायः एकरूपता ल्याउन स्थापित कुनै पनि नियमलाई सिद्धान्त मानिएको छ । सहकारी सिद्धान्त पनि संस्थापकीय नियम हुन् जसको सूत्रपात रोचडेलद्वारा गरिएको थियो। सहकारी सिद्धान्तहरूले सहकारी संस्थाहरूलाई उनीहरूका मूल्य तथा मान्यताहरूलाई व्यवहारमा उतार्न निर्देशन गर्दछन् । रोचडेल (१८४४ ई.) देखिका सहकारी सिद्धान्तहरू अन्तर्राष्ट्रिय सहकारी महासंघको विशेष समितिको सिफारिसमा पेरिस महासभा (१९३७ ई.) बाट पहिलोपल्ट, सिद्धान्त आयोगको सिफारिसमा भियना महासभा (१९६६ ई.) बाट दोस्रोपल्ट र सिद्धान्त स्रोत समूहको सिफारिसमा मेन्चेष्टर महासभा (१९९५ ई.) बाट तेस्रोपल्ट परिमार्जित हुँदै हाल सहकारीमा प्रयोग हुँदै आएका सिद्धान्तहरू बनेका हुन् ।सहकारीतामा प्रकाशित (सहकारी विभाग, २०७३, भाद्र) सातवटा सिद्धान्तहरू निम्न अनुसार रहेका छन् ।

**क. ऐच्छिक तथा खुला सदस्यता (Voluntary and Open Membership)**

संस्थाबाट प्राप्त हुने सेवा उपयोग गर्न र सदस्यको जिम्मेवारी वहन गर्न चाहने सबै जात, जाति, धर्म, वर्ग, लिङ्ग र वर्णका व्यक्तिहरूलाई विना भेदभाव सदस्यता खुला रहेको हुन्छ । व्यक्तिले नचाहेको खण्डमा संस्थाको सदस्यता त्याग गर्न सक्दछ । संस्था सञ्चालनमा उत्तरदायित्व वहन गर्न कसैलाई राजनीतिक, धार्मिक र जातीय कारणबाट भेदभाव गरिदैन ।

यस सिद्धान्त अनुसार निर्धारित योग्यता पुगेको कुनै व्यक्तिलाई संस्थाको सदस्य बन्न राजनैतिक, आर्थिक, जातीय, लैङ्गिक विभेद गर्नु नहुने, सदस्य संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरेको हुनुपर्ने, सदस्यको हैसियतले वहन गर्नुपर्ने जिम्मेवारी वहन गर्न स्वीकार गर्नुपर्ने, संस्थाले उपलब्ध गराउने सेवा उपभोग गर्न तयार हुनुपर्ने, सदस्यले संस्थाको सदस्यता त्याग्न चाहेमा सदस्यता त्यागी अलग हुनसक्ने, कृतिम छेकवार तथा बन्देज लगाई सदस्य बन्नबाट वञ्चित गर्न नहुने आदि विषयवस्तु ऐच्छिक तथा खुला सदस्यताको सिद्धान्त भित्र पर्छन्।

**ख. सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण (Democratic Member Control)**

सहकारी संस्थाहरू सदस्यहरूद्वारा सञ्चालित र नियन्त्रित लोकतान्त्रिक सङ्गठनहरू हुन् । संस्थाले कुनै पनि विषयमा निर्णय गर्दा एक व्यक्ति एक मतको आधारमा गर्दछ । सञ्चालक समिति लगायत अन्य समितिहरूमा निर्वाचित पदाधिकारीहरू संस्था र संस्थाका सदस्यहरूप्रति उत्तरदायी हुन्छन् । प्रत्येक सदस्य पदीय जिम्मेवारी वहन गर्ने पदाधिकारी चयनमा उम्मेदवार वन्न र चुनाव लड्न स्वतन्त्र हुन्छ । संस्थाको साधारण सभा नै यसको सर्वोच्च अंग भएकोले यसले कार्यकारी, विधायिकी र कानुनी तीनवटै अधिकार प्रयोग गर्न सक्दछ।

यस सिद्धान्त अनुसार सेयर जतिसुकै खरिद गरे पनि सदस्यहरूद्वारा सदस्यहरूको आर्थिक सामाजिक विकास गर्ने उद्देश्यले सहकारी संस्था गठन हुनेहुँदा सदस्यहरूले नै नियन्त्रण गर्नुपर्ने, एक सदस्य एक मतको पद्धति लागु हुने, संस्थाका सबै सदस्यहरू संलग्न हुन पाउने, साधारण सभाद्वारा संस्थाको नीति निर्माण गरिने, सहकारीमा साधारण सभा नै सर्वोच्च अंग हुने भएकोले यसले व्यवस्थापिका, कार्यपालिका, र न्यायपालिकाको कार्य सम्पादन गर्ने, सदस्यहरू मध्येबाटै साधारण सभाद्वारा निर्वाचित प्रतिनिधिहरूद्वारा छानिएको सञ्चालक समितिले सञ्चालन गर्ने, सदस्य-सदस्य बीच सेवामा विभेद नगरिने र संस्था सञ्चालन कार्यमा संलग्न प्रतिनिधि व्यक्तिगत रूपमा साधारण सदस्यहरूप्रति र सामूहिक रूपमा सञ्चालक समितिप्रति उत्तरदायी हुने सदस्यहरूको लोकतान्त्रिक नियन्त्रणभित्र पर्छन्।

**ग. सदस्यको आर्थिक सहभागिता (Member's Economic Participations)**

सहकारी संस्थाको पुँजीमा सदस्यहरूको न्यायोचित योगदान र लोकतान्त्रिक नियन्त्रण हुन्छ । त्यस्तो पुँजीमध्ये केही न केही प्रायः संस्थाको साझा सम्पत्तिको रूपमा रहेको हुन्छ । सदस्यताको सर्तस्वरूप चुक्ता गरेको पुँजीमा सदस्यहरूले लाभांस प्राप्त गर्छन् । सदस्यहरूले संस्थाको बचतलाई कुनै वा सबै प्रयोजनका लागि विनियोजन गर्छन् । सम्भवतः एक भाग अविभाज्य रहने किसिमको जगेडा कोष खडागरी आफ्नो संस्थाको विकास गर्न सदस्यहरूले संस्थासँग गरेको कारोबारको अनुपातमा उनीहरूलाई लाभान्वित गराउन र सदस्यहरूबाट स्वीकृत अन्य क्रियाकलापमा सहयोग पुऱ्याउने गर्छन् ।



सहकारीलाई आर्थिक आय उपार्जनको लागि व्यावसाय गर्ने माध्यमको रूपमा स्वीकार गर्ने, प्रति सेयर समान मूल्य र एउटा सेयर र एकभन्दा बढी सेयर लिने सदस्यको कानूनी हैसियत र स्तर बराबर हुने, सीमित लाभ वितरण गर्ने, सदस्यले गरेको कारोबारका आधारमा संरक्षित पुँजी कोषबाट प्रतिफल पाइने र नाफाबाट जगेडा कोष र अन्य कोषहरू खडागरी प्रभावकारी व्यवस्थापन गर्ने जस्ता क्रियाकलापहरू यस सिद्धान्त अन्तर्गत पर्छन् ।

**घ. स्वायत्तता र स्वतन्त्रता (Autonomy and Independence)**

सहकारी संस्थाहरू आफ्ना सदस्यहरूबाटै नियन्त्रित आत्मसहयोगी, स्वायत्त सङ्गठन हुन् । उनीहरूले सरकार लगायतका अन्य निकायसँग कुनै सम्झौता गर्नुपर्दा वा बाह्य पुँजी जुटाउनुपर्दा आफ्ना सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण सुनिश्चित हुने तथा आफ्नो सहकारी स्वायत्तता कायमै रहने सर्तमा गर्छन् ।

यस सिद्धान्त अनुसार संस्था बाह्य नियन्त्रण तथा हस्तक्षेपबाट मुक्त हुने, सदस्यहरूद्वारा स्वयं (आन्तरिक) नियन्त्रण र सन्तुलनको व्यवस्था अर्थात संस्थामा हिनामिना तथा अन्य गलत कार्य भए सदस्यहरू स्वयं जिम्मेवार हुने व्यवस्था, संस्थाले अन्य संस्था/व्यक्ति/सरकार सबैसँग निश्चित शर्त र सम्झौताको आधारमा कार्य गर्नसक्ने अधिकार, आफ्ना संस्था सञ्चालन गर्न चाहिने विनियम आफै बनाउन सक्ने अधिकार र सहकारी संस्थाले उपयोग गर्ने स्वायत्तता र स्वतन्त्रता प्रचलित ऐन, नियम, सहकारी मूल्य, सिद्धान्तको परिधिमा रही उपयोग गर्नुपर्छ ।

**ङ. शिक्षा, तालिम र सूचना (Education, Training and Information)**

सहकारी संस्थाहरूले आफ्ना सदस्य, निर्वाचित प्रतिनिधि, व्यवस्थापक एवम् कर्मचारीलाई संस्थाको विकासमा प्रभावकारी ढङ्गले योगदान गर्न सक्षम बनाउन शिक्षा तथा तालिम प्रदान गर्दछन् । उनीहरूले सहकारिताको प्रकृति र यसका लाभबारे सर्वसाधारण (खास गरी तरूण पुस्ता र वैचारिक नेता) लाई जानकारी गराउँछन् ।

संस्थाले सदस्यहरूलाई सहकारी शिक्षा र आवश्यकता अनुरूप व्यावसायिक सीप विकास व्यवस्थापन तालिम प्रदान गर्नुपर्ने, सहकारी शिक्षा कोषको

व्यवस्था हुनुपर्ने, प्रशिक्षित/शिक्षित सदस्यहरूद्वारा संस्थाको समुन्नतिमा योगदान पुग्ने र संस्था भित्र र बाहिर सूचना प्रणालीको विकास र युग अनुसारको सूचना प्रदान गर्नुपर्ने विषयवस्तुलाई यस सिद्धान्तले अंगालेको हुन्छ ।

**च. सहकारी संस्थाहरूका बीच सहयोग (Co-operation among Co-operatives)**

सहकारी संस्थाहरूले स्थानीय, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संरचनाको माध्यमबाट आपसमा मिली काम गरेर सर्वाधिक प्रभावकारी ढङ्गले आफ्ना सदस्यहरूको सेवा गर्दछन् र सहकारी आन्दोलनलाई सुदृढ पार्छन्।

यस सिद्धान्त अनुसार प्रारम्भिक देखि अन्तर्राष्ट्रिय स्तर सम्मका सहकारीहरू बीच सूचना एवम् व्यावसायिक सञ्जालको विकास गर्ने, अन्तर सहयोगको माध्यमबाट अन्य क्षेत्रसँग प्रतिस्पर्धा गर्ने क्षमताको विकास गर्ने, जिल्लास्तरीय विषयगत संघ, जिल्ला सहकारी संघ, केन्द्रीय संघहरू, राष्ट्रिय सहकारी महासंघ हुँदै अन्तर्राष्ट्रिय सहकारी महासंघ सम्मको, अन्तरसम्बन्धबाट व्यावसायिक क्रियाकलापको दायरा विस्तार गर्ने आदि कार्यहरू गर्नुपर्छ ।

**छ. समुदायप्रतिको सरोकार (Concern for Community)**

सहकारी संस्थाहरूले आफ्ना सदस्यले अनुमोदन गरेका नीतिअनुरूप आफ्नो समुदायको दिगो विकासका लागि कार्य गर्दछन् ।

यस सिद्धान्त अनुसार समूहको एकपक्ष कमजोर भए अन्य पक्ष पनि कमजोर हुन जान्छ (अन्तरनिर्भरता) भन्ने मान्यतालाई यो सिद्धान्तले स्वीकारेको छ । समूहको हितकै लागि गठन हुने, समुदायप्रतिको सेवाले संस्थामा सकारात्मक प्रभाव पार्ने, वृक्षारोपण, शिक्षा, स्वास्थ्य, परिवार नियोजन, सरसफाई, खानेपानी, कुलो, पाठशाला, धार्मिक सांस्कृतिक पर्वहरूमा सहकारी सहयोग बढाउने, आकस्मिक दुर्घटना/विपद् (आगलागी, भुँइचालो, बाढी पहिरो, महामारी आदि) को समयमा उद्धार र पुनरस्थापनाका कार्यमा सहभागिता बढाउने कार्य पर्छन् ।

यी सिद्धान्तको समूहलाई एकैसाथ लिएमा, यी सिद्धान्तहरू टुक्राहरूको योगफलभन्दा बढी हुनेछन् । त्यहाँ मर्मस्पर्शी सम्बन्ध छ, जब एउटालाई बेवास्ता गरिन्छ, सबै अपूर्ण हुन्छन् । सहकारीलाई कुनै एउटा मात्र सिद्धान्तको आधारमा स्पष्ट निक्यौंल गर्न सकिँदैन । सहकारीहरूले उनीहरूको सिद्धान्तलाई कति राम्रोसँग अपनाएका छन् भन्ने कुराको सम्पूर्णतामा मात्र मूल्याङ्कन गर्न सकिन्छ। यी सिद्धान्त र निर्दिष्ट मूल्यहरूले एकै साथ दिएको अभिव्यक्तिले विश्वका विभिन्न क्षेत्रमा रहेका सहकारीहरूको मूल्याङ्कन गर्न समर्थ बनाउँछन् । सहकारीका सिद्धान्तहरूलाई रेखाचित्रमा निम्न अनुसार देखाउन सकिन्छ ।



## सहकारीका आधार मूल्यहरू

**Basic Values of Co-operative**

आधार मूल्यहरूले सहकारी संस्थाहरू साझा रूपमा कसरी सङ्गठित भएका हुन्छन् भन्ने विषय वस्तुको बारेमा व्याख्या गर्छ । सहकारीतामा प्रकाशित (सहकारी विभाग, २०७३, भाद्र) सहकारीका छवटा आधार मूल्यहरूलाई निम्न अनुसार व्याख्या गर्न सकिन्छ ।

क. आत्म-सहयोग (Self-help): सहकारी सदस्यहरूले स्वाबलम्वनमा विश्वास गर्छन् । परमुखापेक्षी सोचले सहकारी संस्थाको स्थापना गरिएको हुँदैन ।

ख. स्व-उत्तरदायित्व (Self-responsibility): आफ्नै आव्हानमा जिम्मेवारी लिनुपर्छ भन्ने विश्वास स्व-उत्तरदायित्वको मूल्य हो ।

ग. प्रजातन्त्र (Democracy): सदस्यहरूको सक्रिय सहभागिता रहने प्रजातान्त्रिक विधि नै सङ्गठनका आर्थिक र सामाजिक क्रियाकलापहरूलाई सुव्यवस्थित गर्ने सर्वोत्तम विधि हो ।

घ. समानता (Equality): सदस्यहरू बीच भेदभाव रहित व्यवहार गरिनुपर्छ । सदस्यहरू बीच समानता हुँदैन भने सङ्गठनको विकास हुँदैन ।

ङ. समन्याय (Equity): सहकारी सदस्यहरूले एकलाई मर्का पारी अर्कोले फाइदा लिनु हुदैन भन्ने विश्वास गर्छन्। न्यायको मूल्य शोषणविहीन आर्थिक सम्बन्धहरू प्रवर्द्धन गर्ने मूल्य हो ।

च. ऐक्यबद्धता (Solidarity): ऐक्यबद्धताको मूल्य भनेको एकता माथिको विश्वास हो । समान आकांक्षा राख्ने मानिसहरूले एकजुट भएर प्रयास गरेको खण्डमा आफ्नो आकाङ्क्षा साकार पार्न सक्छन् । सहकारीका आधार मूल्यहरू रेखाचित्रमा निम्न अनुसार देखाउन सकिन्छ ।

## नैतिक मूल्यहरू

## Ethical Values of Co-operative

नैतिक मूल्यहरू विशेषतः सहकारी सङ्गठन र समाज बीचको सम्बन्धसँग गाँसिएका हुन्छन् । नैतिक मूल्यहरूले सहकारी संस्थाहरूको सञ्चालन कसरी हुन्छ ? भन्ने विषयवस्तुलाई दर्साउँछ । सहकारीतामा प्रकाशित (सहकारी विभाग, २०७३, भाद्र) सहकारीका चारवटा नैतिक मूल्यहरूलाई निम्न अनुसार व्याख्या गर्न सकिन्छ।

**क. इमान्दारिता (Honesty):** गैरसदस्य समुदायलाई नछल्ने मूल्य इमान्दारिताको मूल्य हो । सहकारी संस्थाहरूले स्वभावैले देशको कानुन पालना गर्छन् र सहकारीका सम्पूर्ण क्रियाकलापहरू पारदर्शी हुन्छन् ।

**ख. खुल्लापन (Openness):** खुल्लापनको मूल्य वस्तुतः स्वतन्त्रता (Liberty) को मूल्य हो । सहकारी संस्थाको सेवा उपयोगकर्ता गैरसदस्यका लागि संस्थाको सदस्यता सधैं खुल्ला रहन्छ भने सदस्यता त्याग गर्न चाहने सदस्यले पनि जुनसुकै बेला संस्था छोडी जान सक्छन् ।

**ग. सामाजिक उत्तरदायित्व (Social Responsibility):** सहकारी संस्थाहरूले सामाजिक उत्तरदायित्व ग्रहण गर्दछन् । समाजको एकाइको रूपमा जुनसुकै सङ्गठनको पनि समाजप्रति जिम्मेवारी रहन्छ र सो जिम्मेवारी पूरा नगर्ने सङ्गठन समाजग्राह्य हुँदैन ।

**घ. अरूको हेरचाह (Caring for others):** गैरसदस्य समुदाय प्रतिको सकारात्मक विचार अरूको हेरचाहको मूल्य हो । सहकारी सदस्यहरूले सम्भव भए सम्मका उपायहरूद्वारा समाजका अरू सदस्यहरूको समेत भलो गर्न खोज्दछन् । सहकारीका नैतिक मूल्यहरूलाई रेखाचित्रमा निम्न अनुसार देखाउन सकिन्छ :

## सहकारीका सबल तथा सुधार गर्नुपर्ने पक्षहरू

## Strength and Weakness of Co-operatives

नेपालमा सहकारीको स्थापनाको इतिहास धेरै लामो छैन तर पनि यसको विकास र विस्तार तिव्र गतिमा भइरहेको छ। सहकारीले समाजमा छरिएर रहेको पुँजीको स्रोतको परिचालन, रोजगारीको सिर्जना, बचत गर्ने बानीको विकास जस्ता धेरै सकारात्मक कामहरू समाजमा गरेको देखिन्छ। सहकारीको सिद्धान्त, मूल्य र मान्यता तथा अन्य नियमनकारी निकायहरूबाट निर्देशित निर्देशनहरू तथा



विभिन्न समयमा विभिन्न निकायबाट भएका नियमनकारी निकायहरूको प्रतिवेदनलाई आधार मान्दा नेपालमा सहकारी आन्दोलन सफल रूपमा अगाडि बढेको पाइन्छ । सहकारी संवादमा (पोखरेल, २०७६) मा प्रकाशित गरेको सहकारी अभियानका सबल र सुधार गर्नुपर्ने पक्षहरूलाई आधार मानेर सहकारीका केही सबल पक्षहरू र केही सुधार गर्नुपर्ने पक्षहरू निम्न अनुसार उल्लेख गरिएको छः

**क. सहकारीका सबल पक्षहरू (Strength of Co-operatives)**

१. **खुल्ला तथा स्वेच्छिक सङ्गठन (Open and Voluntary Organization):** सहकारीमा सबैका लागि सधैं सदस्यता खुल्ला रहन्छ । जोसुकैले पनि आफ्नो स्वेच्छाले सहकारीको सदस्यता लिन सक्दछ । सदस्यताका लागि न्यूनतम शुल्क निर्धारण गरिनुले पनि सदस्यता सर्वसुलभ र सहज हुन्छ । जसरी सदस्यता लिन सजिलो र स्वेच्छिक छ त्यसैगरी सदस्यता छोड्न पनि खुल्ला हुन्छ । सहकारीमा सदस्यता लिन र छोड्नका लागि कुनै कृत्रिम बन्देज लगाईदैन यो सहकारीको एउटा सबल पक्ष हो।

२. **गठन गर्न सजिलो (Easy to Form):** सहकारी संस्था गठन गर्ने प्रक्रिया अन्य संस्था गठन गर्न भन्दा सजिलो छ । सहकारी ऐन २०७४ ले कम्तिमा ३० जना नेपाली नागरिकहरू मिलेर विषयगत र बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सकिने व्यंवस्था गरेको छ भने श्रमिक युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यावसाय गर्ने संस्थाको हकमा १५ जना नेपाली नागरिक भए पुग्ने व्यवस्था छ । सहकारी संस्था दर्ता गर्ने कानुनी प्रक्रिया पनि त्यति जटिल नभएकोले यो अर्को सबल पक्ष हो ।

३. **लोकतान्त्रिक पद्धति (Democratic System):** सहकारीको अर्को सबल पक्ष लोकतान्त्रिक पद्धति पनि हो । यसमा एक व्यक्ति एक मतको पद्धति लागु हुन्छ जुन नेतृत्व चयनदेखि व्यवस्थापन तथा सम्पूर्ण निर्णय प्रक्रियामा लागु हुन्छ । यसले सम्पूर्ण सदस्यलाई समान अधिकार दिएको हुन्छ । सहकारीमा आफ्ना लागि चाहिने नीतिनियमहरू सदस्यहरू आफैले बनाउने हुँदा सबै नियम आफू अनुकूल बनाउँछन् जसमा सम्पूर्ण सदस्यहरू अट्न सक्छन् ।

४. **बचत गर्ने बानीको विकास (Develop the Habit of Saving):** कमाएको आम्दानीलाई भविष्यका लागि बचाउन सक्नु बढी आम्दानी गर्नु भन्दा पनि महत्त्वपूर्ण हुन्छ । सदस्यले आर्जन गरेको केही रकम नियमित रूपमा बचत गर्ने बानीका लागि सहकारी नै अत्यन्तै उपयुक्त संस्था बन्न पुगेको छ व्यावसायबाट हुने आम्दानीको सानो रकम बचत गर्दै जाँदा भविश्यमा ठूलै काम गर्न सकिने गरी बचत जम्मा हुन्छ । लामो समय पश्चात नियमित र थोरै रकमको बचत पनि ठूलो पुँजीमा परिणत हुने हुनाले यसले बचत गर्ने बानीमा सहयोग पुऱ्याउछ ।

५. **एकका लागि सबै र सबैका लागि एक (One for All and All for One):** सहकारी संस्था गठन गर्दा नै सामूहिक हितको भावनामा आधारित भएर गठन गरिएको हुन्छ । सबै सदस्यहरूको योगदान तथा प्रयासहरूले सदस्यहरूको सामूहिक विकासलाई प्रवर्द्धन गरेका हुन्छन् । सहकारीको मूल मर्म एक सदस्यलाई चोट लाग्दा त्यसको पीडा सम्पूर्ण सदस्यलाई हुन्छ अर्थात एकका लागि सबै र सबैका लागि एक भन्ने मर्मलाई कार्यान्वयन गर्नु हो । सहकारीमा सबैसदस्यको योगदान बराबर हुने हुनाले सबैलाई समान व्यवहार गरिन्छ ।

६. **समुदायमा राम्रो पहिचान (Good Identity in the Community):** सहकारीले एउटा सीमित भौगोलिक क्षेत्रभित्र कार्य गर्ने भएकोले त्यस क्षेत्रभित्र यसको पहिचान राम्रो हुन्छ । सदस्यहरू बीचमा नियमित अन्तरक्रिया, छलफल हुने, नीति निर्माणमा सदस्यहरूको प्रत्यक्ष सहभागिता रहने, समुदायका सदस्यहरूको सामाजिक, आर्थिक र साँस्कृतिक विकासमा नै क्रियाशील हुने भएकोले समुदायको बीचमा सहकारीले राम्रो पहिचान स्थापित गर्न सफल भएका छन् । त्यति मात्र नभई सहकारीले आफ्नो कारोबारबाट प्राप्त बचतको एक हिस्सा समुदायको हितका लागि छुट्याएर सामुदायिक काममा नै खर्च गर्ने भएकोले पनि समुदायमा यसको छवि राम्रो हुन्छ ।

७. **सामूहिक भावनाको विकास (Development of Collective Spirit):** सहकारी नै त्यस्तो एकमात्र संस्था हो जसले समूहमा मिलेर कार्य सम्पादन गर्न सिकाउँछ । सहकारीमा आवद्ध आफ्ना सबै सदस्यहरू बीच निरन्तर भेटघाट, सहयोगको आदान प्रदान, धार्मिक तथा



साँस्कृतिक कार्यक्रममा सहभागिता, गाह्रो साँघुरो अवस्थामा आपसी सहयोग लगायतका विविध पक्षमा सहकारीले सामूहिक भावनाको विकास गराउँछ । हाम्रो समाजलाई सभ्य, समुन्नत र एकतावद्ध बनाउन समेत सहयोग गर्ने हुनाले यो पनि सहकारीको सबल पक्ष हो ।

८. **नेतृत्व विकास (Leadership Development):** सहकारी संस्थामा सदस्यहरू मध्येबाट चुनिएर संस्थाका विभिन्न पदमा रहेर सदस्यहरूले नै नेतृत्व प्रदान गर्नु पर्ने भएकाले सदस्यहरूको नेतृत्व विकास हुन्छ। जसबाट मुलत: महिलाहरू बढी लाभान्वित भएका छन् । नेतृत्व क्षमताको विकासले महिला सशक्तीकरणमा पनि योगदान पुग्दै आएको छ ।

९. **स्वाबलम्वी तथा आत्मनिर्भरताको विकास (Self-Reliance and Development of Self-Reliance):** सहकारी संस्था मार्फत व्यावसाय गर्दै जाँदाको परिणाम भनेकै आत्मनिर्भर हुनु हो । त्यसको उपलब्धि भनेकै सानो रकमको खाँचो कहिल्यै नहुनु हो । थोरै पुँजीको लागि पनि अर्काको आश गर्नुपर्दैन। आफू आर्थिक रूपले सक्षम बन्दै जाने भएकोले सहकारी संस्थाबाट व्यक्ति स्वाबलम्वी र आत्मनिर्भर हुन्छ, त्यसैले यो पनि सहकारीको सबल पक्ष हो ।

१०. **व्यावसायिक भावनाको विकास (Development of Professional Spirit):** सहकारीमा बचत भएको रकमले निश्चित प्रतिशत ब्याज प्राप्त गर्दछ भने सबै सदस्यको सानो सानो बचत जोड्दा ठूलो पुँजी बन्दछ । यसरी जम्मा भएको रकमलाई व्यावसाय गर्ने सीप र जाँगर भएका सदस्यले प्रयोग गर्दछन् । तसर्थ सहकारीले हरेक नागरिकलाई व्यावसायतर्फ उन्मुख गराउँछ । सहकारीले सीपयुक्त र सक्रिय जीवन व्यतित गराउन समेत महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । सहकारीबाट सदस्यहरूले आर्थिक लाभ कसरी लिने भन्ने चेतना प्राप्त गरेका हुन्छन् । सदस्यलाई सामूहिक र व्यावसायिक भावनाको विकास गराई आर्थिक समृद्धिमा सघाउने हुनाले यो पनि सहकारीको सबल पक्ष हो ।

११. **सामाजिक सम्मान प्राप्त (Social Respect):** सहकारी संस्था मार्फत विभिन्न कार्य सम्पादन गर्दै जाँदा आफ्नो टोल, समुदायमा गरिएका आर्थिक प्रयासहरूले सामाजिक रूपमा सम्मान गर्ने अवस्थाको सिर्जना हुन्छ जसबाट व्यक्ति समाजमा प्रतिष्ठित र चर्चित हुन्छ भने सदस्यहरूलाई आत्मसन्तुष्टि समेत प्राप्त हुन्छ । सामाजिक सम्मान व्यक्तिका लागि अति महत्त्वपूर्ण हुन्छ जसलाई सहकारीको सबल पक्षको रूपमा लिन सकिन्छ ।

१२. **गरिबी न्यूनीकरण (Poverty Reduction):** सहकारीबाटै न्यून आय भएका तथा सीमित स्रोतसाधन भएका व्यक्तिहरू एक आपसमा मिलेर सामूहिक रूपले व्यावसाय सञ्चालन गरेर आफ्ना आवश्यता पूरा मात्र नगरी आर्थिक रूपले सबल बन्दै जाँदा समग्रमा देशको गरिबी न्यूनीकरणमा समेत महत्त्वपूर्ण टेवा पुऱ्दै आएको छ । ग्रामीण तथा दुर्गम भेगमा महिला, दलित, सुकुम्वासी, आदिबासी, कमैया, अपाङ्गता भएका व्यक्ति आदिलाई गरिबीको कुचक्रबाट माथि उठाउने कार्यमा सहकारी संस्थाहरू वरदान नै सावित भएका छन् ।

## ख. सहकारीका सुधार गर्नुपर्ने पक्षहरू (Weakness of Co-operatives)

१. **सीमित कोषहरू (Limited Funds):** सहकारी संस्थाले आफ्ना सदस्यहरूबाट सङ्कलित सेयर पुंजी तथा बचत रकम नै परिचालनको मुख्य स्रोत भएको हुनाले आफ्नो व्यावसायलाई बृहत रूपमा सञ्चालन गर्न प्रयास स्रोतको अभाव सँधै रहिरहन्छ। सहकारी ऐन तथा नियमावलीले बचत सङ्कलनमा सीमा तोकिदिएको कारणले सहकारीहरूले आफ्नो बचत जम्मा गर्न सक्ने क्षमता हुँदाहुँदै पनि जम्मा गर्न सक्दैनन् जसको फलश्वरूप सीमित स्रोतका कारण लगानीमा संकुचन आउने हुँदा सदस्यलाई वितरण गर्ने लाभांशमा समेत असर पर्छ ।

२. **व्यवस्थापकीय क्षमतामा कमी (Lack of Managerial Capacity):** सहकारी संस्थामा निर्वाचित भएर आउने सदस्यहरूको योग्यता तोकिएको छैन । यसले गर्दा सहकारीमा व्यवस्थापकीय क्षमता नभएका सञ्चालकहरू आउन सक्ने सम्भावना बढी हुनेहुनाले सहकारी चुस्त तथा दुरूस्त रूपमा सञ्चालन गर्न समस्या आउन सक्छ । साथै यो स्वयंसेवी कार्य समेत भएकोले दक्ष व्यक्तिहरूको यसप्रति चाहना कम हुन्छ । यो एउटा वित्तीय तथा व्यावसायिक क्षेत्र समेत भएकोले व्यवस्थापकीय क्षमता भएका व्यक्तिहरूको समेत आकर्षणको क्षेत्र बनाउनु जरूरी छ । सीमित आर्थिक स्रोतका कारण सबै संस्थाहरूले दक्ष कर्मचारी नियुक्ति गर्न समेत सकेका छैनन् ।



३. **साना र अव्यवस्थित सहकारीहरू (Small and Unorganized Co-operatives):** नेपालमा सहकारी दर्ता गरी सञ्चालन गर्न धेरै सजिलो छ । जसले गर्दा धेरै सहकारीहरू खुले र कारोबार पनि गर्न थाले तर सहकारी सञ्चालनका लागि अवश्यक पर्ने यसका नवीनतम व्यवस्थापन तथा न्यूनतम आधार तयार गर्ने ज्ञान सहकारी सञ्चालकमा भएन । आर्थिक अभावले रसिद छपाई गर्ने, लेखा राख्ने वा सामान्य निर्णय पुस्तिका समेत व्यवस्थित राख्न नसक्ने सहकारीहरू पनि सञ्चालित भएकाले यिनीहरूको सुधार हुन आवश्यक छ । धेरै सहकारीहरूले सञ्चालन खर्च समेत उठाउन सेकेका छैनन् । आर्थिक अभाव झेलिरहेका अधिकांस सहकारीहरूले कार्यालय सञ्चालन तथा व्यवस्थापनमा न्यूनतम पूर्वधार समेत खडा गर्न सकेका छैनन् ।

४. **शिघ्र परिवर्तनशील प्रविधि (Rapidly Changing Technology):** विश्व बजारमा अहिले प्रत्येक सेकेन्डमा कुनै न कुनै किसिमका प्रविधिहरू विकास भईरहेका छन् ।यी प्रविधिहरूले सहकारीहरू तथा मानब जिवनमा समेत सकारात्मक तथा नकारात्मक दुवै प्रभाव पारेका छन् ।आधुनिक युगको सफल सहकारी हुनको लागि यी प्रविधिका सकारात्मक पक्षहरू अबलम्वन गर्नु पर्ने हुन्छ तर नेपालको सन्दर्भमा भर्खर विकासको गति लिन थालेका सहकारीहरूमा सिघ्र परिवर्तनशील प्रविधिको सामना गर्नुपर्ने र कम व्यावसायिक तथा मितव्ययी रूपमा सञ्चालन हुनुपर्ने बाध्यताले गर्दा प्रविधि सँगसँगै सहकारीहरू अगाडि बढ्न सकेका छैनन् ।

५. **भाका नाघेको ऋण बढ्नु (Excessive Increase in Debt):** विकाससिल देशहरूले उत्पादन तथा सेवा सञ्चालनमा आधुनिक प्रविधिको प्रयोग गर्न नसकेका कारणले बस्तु तथा सेवाको मूल्य बढ्न जान्छ जसले

गर्दा लगानीका विविध क्षेत्रहरूको पहिचान गर्न समेत समस्या पार्दछ । यसले समुदायका व्यक्तिहरूमा परम्परागत रूपमा ऋण माग गर्ने चलनलाई मात्र निरन्तरता दिन्छ । नयाँ लगानीको क्षेत्रबारे अनभिज्ञ हुने हुनाले ऋण लगानीमा कमी भई तरलता अधिक थुप्रिन जाने जस्ता समस्यहरू सिर्जना गर्छ । लगानीका राम्रा स्रोतहरूको पहिचान नगरी लगानी गरिएकोले भाका नाघेको ऋण पनि बढ्दै गएको पाइन्छ ।

६. **व्यावसायिक दक्षता भएका मानवस्रोतको अभाव (Lack of Professional Manpower):** सहकारी क्षेत्रमा सीपयुक्त मानवस्रोतको अभाव छ । अधिकांस दुर्गम गाउँठाउँमा खोलेका सहकारी संस्थाले सीपयुक्त कर्मचारी पाउन सकेका छैनन् । सहकारीहरूले कर्मचारीका लागि राम्रो तलब भत्ताको व्यवस्था गर्न नसकेको कारणले दक्ष कर्मचारीहरू अन्य क्षेत्रमा जाने क्रम बढी छ ।

७. **दोहोरो सदस्यता र कार्यक्षेत्र (Dual Membership and Scope of Work):** सहकारी संस्थाहरू सानो क्षेत्रमा पनि धेरै सङ्ख्यामा स्थापना भएकाले गर्दा अस्वस्थ प्रतिस्पर्धा हुनु र एकै व्यक्ति एक भन्दा बढी सहकारीमा सदस्य हुनुले सहकारीको व्यावसायिक सञ्चालन, सेवाको स्तरवृद्धि र लागत तथा प्रतिफलको प्रक्षेपणलाई समेत असर गरेको छ ।

८. **वृद्धि व्यवस्थापन (Growth Management):** सहकारी संस्थाहरूको आकार बढ्दैछ, त्यसका सदस्यहरू पनि बढदैछन्, प्रतिस्पर्धा बढ्दैछ, सम्पत्ति बढ्दैछ, कार्यक्षेत्र बढ्दैछ, कर्मचारीहरू बढ्दैछन् र पालना गर्नुपर्ने कानुन बढ्दैछन् । यसरी हेर्दा सहकारीमा सबैभन्दा ठूलो चुनौतीको रूपमा वृद्धि व्यवस्थापन पनि रहेको छ ।

## व्यवस्थापकीय कार्यहरू
## Management Function of Co-operative

सहकारीमा दैनिक रूपमा कार्य सम्पादन गर्नको लागि एउटा कर्मचारीहरूको टिम रहेको हुन्छ भने अर्को ती कर्मचारीहरूलाई निर्देशित गर्ने तथा सहकारीमा



आवश्यक नीति निर्माण गर्ने तहमा व्यवस्थापन पक्षको टिम साधारण सभाबाट निर्वाचित भएर आएका हुन्छन् । यी दुवै पक्ष मिलेर सहकारी संस्थाबाट आफ्ना सदस्यहरूलाई सहकारीको उद्देश्य अनुरूप सम्पूर्ण सुविधाहरू प्रदान गर्छन् । सहकारीको व्यवस्थापन पक्षले व्यवस्थापकीय कार्यहरू, जस्तै: योजना निर्माण, सङ्गठन निर्माण, निर्देशन, नियन्त्रण जस्ता कार्यहरू गर्छन् । त्यस्तै, कर्मचारीहरूले व्यवस्थापन पक्षलाई आवश्यक सहयोग गर्नुका साथै दैनिक रूपमा कार्य सञ्चालन गर्न आवश्यक पर्ने कार्यहरू गर्छन् । सहकारी संस्थामा व्यवस्थापकीय पक्षले गर्नुपर्ने कार्यहरू यसप्रकार छन् ।

### क. योजना निर्माण (Planning)

समय गतिशील र समाज परिवर्तनशील छ । प्रविधि पनि समाज र समयानुकूल परिवर्तन हुँदैछ। त्यसैले सहकारी संस्थाले पनि परिवर्तनशील समय, प्रविधि र सदस्यहरूको चाहना परिपूर्ति गर्नको लागि हरेक वर्ष योजना निर्माण गर्नुपर्छ । योजना निर्माणभित्र के गर्ने, कहाँ गर्ने, कहिले गर्ने, कसरी गर्ने, किन गर्ने, कसको नेतृत्वमा गर्ने, कुन काम कसलाई जिम्मा दिने आदि जस्ता कार्यहरू पर्छन् । यसले संस्थाले प्राप्त गर्ने अवसरहरूको पहिचान गरी कार्यान्वयन गर्नको लागि र संस्थामा विगतमा भएका कमी कमजोरीहरू उपर छलफल गरी तिनीहरूलाई सुधार गरी संस्था अगाडि बढाउन सहयोग गर्छ ।

### ख. सङ्गठन निर्माण (Organization)

जब योजना निर्माण हुन्छ तब योजनालाई कार्यान्वयन गर्नको लागि संस्थामा भएका भौतिक स्रोतहरू र मानवीय स्रोतहरूलाई एकत्रित गरी परिचालन गर्नुपर्छ । सङ्गठन निर्माण भनेको सहकारीका सम्पूर्ण स्रोतहरूलाई संस्थाको उद्देश्य प्राप्तिमा सँगसँगै अगाडि बढाउनु हो । यसमा पनि संस्थामा कामगर्ने कर्मचारीहरूको विशेष भूमिका रहेको हुन्छ । संस्थामा भएका कर्मचारीहरूको उचित परिचालन गर्ने, आवश्यक कर्मचारी भर्ना गर्ने र सम्पूर्ण कर्मचारीहरूलाई एकताबद्ध गरी अगाडि बढाउने कार्यहरू सङ्गठन निर्माण अन्तर्गत पर्छन् ।

**ग. निर्देशन (Directing)**

संस्थाको योजना निर्माण र सङ्गठन निर्माण पश्चात् संस्थाको अर्को काम भनेको आवश्यक निर्देशन सहित संस्थाका क्रियाकलापहरूलाई अगाडि बढाउनु हो । यस अन्तर्गत कार्यगत तहमा काम गर्ने कर्मचारीहरूलाई स्पष्ट रूपमा उसको जिम्मेवारी तथा अधिकार प्रदान गर्नुपर्छ । उनीहरूमा आफूले गरेको कामको प्रतिफलको आधारमा पुरस्कृत हुने व्यवस्था भएमा संस्थामा राम्रो काम गर्ने वातावरण बन्छ । त्यसैले निर्देशन कार्य अन्तर्गत कर्मचारीहरूमा कार्यको अधिकार प्रत्यायोजन सहित बाँडफाँड, उत्प्रेरणा र सामूहिक भावनाको विकास गर्ने जस्ता कार्यहरू पर्छन् ।

**घ. नियन्त्रण (Controlling)**

संस्थाले बनाएको योजनाअनुसार कार्य भएको छ छैन हेर्ने र त्यसमा के सुधार गर्नु आवश्यक छ भनी सुधारात्मक रूपमा कदम चाल्ने प्रक्रियालाई नियन्त्रण भनिन्छ । संस्थामा भएका कर्मचारीको क्षमता, नीति नियमको पालना, भौतिक सम्पत्तिको संरक्षण आदि जस्ता कार्यहरूमा मूल्याङ्कन गरिन्छ र पुन: योजना निर्माणमा पृष्ठपोषणको रूपमा यसलाई प्रयोग गरिन्छ।

## सहकारी व्यवस्थापकका कार्यहरू
## Duties of Co-operative Manager

सहकारी संस्थाहरू सहरदेखि ग्रामीण समुदायसम्म फैलिएका छन् । सहकारी संस्थामा व्यवस्थापनको लागि एक सञ्चालक समिति र कर्मचारीहरू हुन्छन् । कर्मचारीहरूले व्यवस्थापन पक्षले गरेका निर्णयहरूलाई कार्यान्वयन गर्ने, प्रतिवेदन दिने, दैनिक क्रियाकलापहरू सञ्चालन गर्ने आदि कार्यहरू गर्दछन् । कर्मचारीहरूमा पनि विशेष जिम्मेवारीका साथ एकजना व्यवस्थापकको व्यवस्था गरिएको हुन्छ जस्ले निम्न अनुसारका कार्यहरू सम्पादन गर्ने गर्दछ :

क. आफू मातहतका कर्मचारीहरूको निरीक्षण तथा समन्वय गर्ने,

ख. सञ्चालक समितिले गरेका निर्णयहरू कार्यान्वयन गराउने,

ग. कर्मचारीहरूको मूल्याङ्कन, तालिमको व्यवस्था तथा कर्मचारीका सेवा सुविधा आदि जस्ता विषयमा सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने,

घ. संस्थाले गरेका सम्पूर्ण कारोवारहरूको अभिलेख दुरुस्त तरिकाले राख्न लगाउने,



ङ. सञ्चालक समितिलाई योजना निर्माणमा आवश्यक सहयोग गर्ने र आवश्यक सूचना उपलब्ध गराउने,

च. संस्थाको तर्फबाट विभिन्न कार्यालयहरूमा प्रतिनिधिको रूपमा काम गर्ने,

छ. संस्थामा भएका कागजपत्रहरू सुरक्षित राख्ने ।

## सहकारी व्यवस्थापनको वातावरण
## Environment of Co-operative Management

नेपालमा विधिवत रूपमा वि. सं. २०१३ सालमा बखान वहुउद्देश्यीय सहकारी संस्था लि. को स्थापना भएसँगै सहकारीको सुरूवात भएको हो । त्यस समयदेखि लगातार यसको प्रभाव देशभरि नै पाइन्छ । सहकारी विभागद्वारा प्रकाशित सहकारी बुलेटिन (सहकारी विभाग,२०७७, श्रावण-कार्तिक) को रेकर्ड अनुसार विभिन्न क्षेत्रमा स्थापना भएका सहकारीको जम्मा सङ्ख्या २९,८८६ पुगेको छ । यसमा ८८,३०९ जना कर्मचारीहरूले रोजगारी पाएका छन् । वि. स.२०७७ कार्तिक सम्ममा रू. ९४,१०५,०१५,८०३ पुँजी सङ्कलन भएको छ । यसलाई हेर्दा नेपालमा सहकारीको राम्रो विकास भएको देखिन्छ । अहिलेसम्ममा अधिकांस क्षेत्रमा कुनै न कुनै विषय वा क्षेत्रका सहकारी स्थापना भएका छन् । कुनै गाउँ वा टोलमा नौ दशवटासम्म सहकारी पनि रहेका छन् । त्यसैले गर्दा एउटै व्यक्ति विभिन्न सहकारीमा सदस्य बनेका छन् । अधिकांस सहकारीको नियमित बचत र सेयर पुँजी कम छ । सदस्य सङ्ख्या बढाउने होडबाजीले गर्दा केही सहकारीहरूले सहकारीका मूल्य मान्यता र सिद्धान्तको विपरीत गएर कार्य गरेको पाइन्छ । केही सहकारी संस्थाहरूले कर्मचारीहरूलाई राम्रो सेवा सुविधाको व्यवस्था गर्न तथा आवश्यक सङ्ख्यामा कर्मचारी नियुक्ति गर्न नसकेको देखिन्छ ।

पहिला प्रत्येक टोल टोलमा वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरू मात्र थिए तर आज सम्म आईपुग्दा सहकारीकै प्रकृतिको काम गर्ने लघुवित्त संस्था देशभरमा ६५ वटा स्थापना भइसकेका छन् । प्रत्येक राष्ट्रियस्तरको वाणिज्य बैंकहरूले पनि प्रत्येक स्थानीय तहमा शाखा सञ्चालन गर्ने नीति अनुरूप शाखा स्थापना गर्दै आइरहेका छन् । बैंक तथा लघुवित्तको व्यवस्थापनमा सहकारीको तुलनामा दक्ष कर्मचारी तथा ठूलो लगानी भएकोले सञ्चालन दक्षता राम्रो छ ।

उनीहरूले लगानी पनि बढी गर्न सक्ने भएकाले अधिकांश मानिसहरू लघुवित्तमा पनि सदस्य बनेका छन् । यसले गर्दा सहकारी क्षेत्रमा सहकारी सहकारी बीचको प्रतिस्पर्धा त छँदै थियो अब यसले लघुवित्त तथा अन्य बैंकहरूसँग पनि प्रतिस्पर्धा गर्नुपर्ने देखिन्छ ।

आज हरेक क्रियाकलापहरू डिजिटल प्रविधि मार्फत गर्नसकिने भएका छन् । डिजिटल प्रविधिले ग्राहकलाई धेरै सजिलो बनाइदिएको छ भने जोखिम पनि उत्तिकै छ । ठूला संस्थाहरूले प्रविधिको प्रयोग गरेर प्रत्येक शाखाका कार्यहरूलाई समेत डिजिटल प्रविधिमा अभिलेखीकरण गराएका छन् जसले गर्दा वित्तीय कारोबार जुनसुकै ठाउँबाट गर्न सकिने सहज व्यवस्था भएको छ । यसले गर्दा पनि सहकारीको विकासमा ठूलो धक्का पुग्ने देखिन्छ ।

आजको डिजिटल प्रविधिमा प्रवेश गर्न नसक्ने संस्थाहरू प्रतिस्पर्धामा पक्कै जान सक्दैनन् । यी प्रविधिहरू महंगा तथा तिनलाई सञ्चालन गर्न उच्च दक्षता तथा सीप भएका कर्मचारीहरूको आवश्यकता पर्छ । यसको लागि राम्रो सेवा सुविधा चाहिन्छ । राम्रो सेवा सुविधा प्रदान गर्न संस्थामा उच्च व्यवस्थापन क्षमता चाहिन्छ र कारोबार पनि बढ्नुपर्छ । कारोबार बढाउने र सञ्चालन खर्च घटाएर संस्थाको क्षमता वृद्धि गर्न नजिकमा रहेका उस्तै प्रकृतिका सहकारीहरू एकीकरणमा जानैपर्छ । यसो भएमा संस्थाका सदस्यहरू पनि बृद्धि हुँदै जान्छन् र कारोबार पनि बढ्छ । वर्तमान कानुनी व्यवस्था अनुसार लघुवित्त संस्थाहरू र बैंकिङ व्यावसाय गर्ने संस्थाहरूले नितान्त वित्तीय कारोबार मात्र गर्न पाउँछन् । तर सहकारी संस्थाहरूले वित्तीय कारोबारको अलावा अन्य कुनैपनि क्षेत्रमा काम गर्न सक्ने हुँदाहुँदै पनि हाल स्थापना भएका १७९४९ वटा सहकारी संस्थाहरूले बचत तथा ऋणको मात्र कारोबार गरेका छन् । त्यसैले अब सहकारीको विकासको लागि बचत तथा ऋण भन्दा पनि अन्य उत्पादनमूलक क्षेत्रमा सहकारीले आफ्नो सेवा विस्तार गर्न आवश्यक छ ।

त्यसैले अहिलेको परिवर्तित परिस्थितिमा सहकारीलाई सफल बनाई अगाडि बढाउन सहकारीका कमजोर पक्षलाई सुधार गर्नु आवश्यक छ । अहिलेको संघीय संरचना अनुसार सहकारी संस्थाहरू स्थानीय तह, प्रदेश तथा संघीय



तहमा स्थापना हुन पाउने व्यवस्थाले पनि जुन तहमा स्थापना हुने वा सञ्चालन भइरहेका सहकारी संस्थाहरू त्यही तहको आवश्यकता परिपूर्ति हुने गरी विशेष गरेर उत्पादन, भण्डार तथा बजारीकरणमा लाग्नु अहिलेको आवश्यकता हो । कम्तिमा सहकारीहरूले "एक सहकारी एक उत्पादन" को नीति लिएमा मात्र अहिलेका सहकारी आजको वातावरणमा सञ्चालन हुनसक्ने अवसर प्राप्त हुनेछ । त्यसैले प्रत्येक सहकारी संस्थाका सञ्चालकहरूले अहिलेको परिस्थितिअनुसार सहकारी संस्थालाई पनि परिवर्तनशील बनाउनु नितान्त आवश्यक छ ।

## नागरिक समाज र सहकारी आन्दोलन
## Civic Societies and Co-operative Movement

सहकारी संस्थाहरूले स्थानीय वा क्षेत्रीय विकासमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । सहकारी संस्थाहरूले स्वरोजगारी र स्वतन्त्र पेशाको रूपमा सार्वजनिक सेवा प्रदान गर्ने, उपभोग गर्ने वा श्रमिकहरूको उत्थान गर्ने जस्ता क्षेत्रहरूमा उदाहरणीय कार्य गरिरहेका छन् । सहकारीहरूले समाजको दीर्घकालीन विकास गर्नमा समेत सहयोग गरेका छन् ।

Civic Societies भनेको Similar Interest Group, Social Movement, Grassroots Organization हरू हुन्। जसलाई समाजमा सरकारद्वारा नागरिकहरूको हक अधिकारहरूको विरूद्धमा काम गर्दा आवाज उठाउने संस्थाहरूको रूपमा चिनिन्छ । यी संस्थाहरू स्वतःस्फूर्त रूपमा समाजमा स्थापना भएका हुन्छन् र अन्तर्राष्ट्रिय मान्यताहरूका आधारमा कुनैपनि विषयवस्तुमा वकालत गर्ने गर्छन् ।

Civic Society Organizations (CSOs) ले व्यक्तिगत स्वतन्त्रताको पक्षमा वकालत गर्ने हुनाले यसले पुँजीवादी प्रणालीको विशेषता अवलम्बन गर्दछ । यी संस्थाहरूले समाजमा सामाजिक तथा आर्थिक उत्थानका लागि पनि काम गर्दछन् । जुन समाजमा सामाजिक असमानता बढी हुन्छ, जहाँ सिमान्तकृत जनसङ्ख्याको बसोवास बढी हुन्छ र आम्दानीका स्रोतहरूको वितरण असमान हुन्छ त्यस्ता ठाउँहरूमा यी संस्थाहरूको विकास भएको हुन्छ ।

सहकारी संस्थाहरू पनि सहकारीको विकासक्रम सँगसँगै कुनै न कुनै सामाजिक आन्दोलनमा समावेश भएको पाइन्छ । सहकारीहरू आर्थिक लाभको

अवधारणाबाट स्थापना गरिने भएतापनि नागरिक समाजको अवधारणा अनुसार सहकारीहरूले किसान, महिला, श्रमिक तथा वातावरणीय आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । पश्चिमा मुलुकहरूमा पनि सहकारीले व्यावसाय सिर्जना गर्नुका साथसाथै सामाजिक परिवर्तनलाई पनि महत्त्वपूर्ण पक्षको रूपमा लिएको पाइन्छ । त्यसैले सहकारी इतिहासको अध्ययन गर्दा सहकारीहरूले गहिरो रूपमा सामाजिक न्यायका लागि काम गरेका प्रमाणहरू प्रशस्तै पाइन्छ ।

सहकारीका प्रत्येक व्यक्तिहरू सामाजिक आन्दोलनमा समावेश हुदैनन् तर पनि सहकारीको मूल्य, मान्यता र सिद्धान्तले गर्दा प्रत्येक सहकारीहरू सामाजिक आन्दोलनसँग गाँसिएका हुन्छन् । सहकारीले सहकारीका सदस्यहरूलाई समाजमा भएका विकृति विसङ्गतिसँग लड्न सिकाउँछ । सहकारीको सामाजिक जिम्मेवारी, नैतिक जिम्मेवारी र व्यावसायिक पद्धति आदिले गर्दा पनि अप्रत्यक्ष रूपमा नागरिक समाजसँग जोड्ने गरेको पाइन्छ ।

नागरिक समाजका सबै संघसंस्थाहरू स्वैच्छिक रूपमा निर्माण भएका हुन्छन् । त्यसैले सबै CSOs हरू आन्दोलन हुन सक्दैनन् । नागरिक समाज तीनवटा Joint Belief, Voluntary Participation and Participation for Common Action का आधारमा निर्माण भएका हुन्छन् । यस अर्थमा हेर्दा सहकारी पनि समान मूल्य र मान्यताद्वारा निर्मित नागरिक समाजको विस्तारित रूप हो । जहाँ आम्दानीको वितरण बराबर छैन, बढी मानिसहरू शोषित छन्, बढी मानिसहरू अशिक्षित छन् त्यस्ता क्षेत्रहरूमा विभिन्न क्षेत्रहरू समावेश गर्नेगरी सहकारी संस्थाहरू स्थापना भएका हुन्छन् । समाजका विविध समस्याहरूलाई समाधान गर्न सक्ने र व्यवस्थापनको नेतृत्व विकासगर्ने गरी उत्पादन, उपभोग, वितरण, बचत तथा ऋण, श्रमिक सहकारी आदि क्षेत्रमा सहकारी स्थापना गर्न सक्ने व्यवस्थाले गर्दा पनि सहकारीलाई नागरिक समाजको विस्तारित रूप मान्न सकिन्छ । समाजमा जरो गाडेर बसेका सामाजिक कुरीति र विसँगतिका बिरूद्धमा सहकारीका मूल्य र मान्यताले सामाजिक आन्दोलनमा केन्द्रीय वा त्यसको वरपर रहेर काम गरिरहेको हुन्छ । त्यसैले नागरिक समाज र सहकारी समाजमा एक अर्काका परिपूरक हुन् ।



सहकारीहरूले आफ्ना सदस्यहरू तथा गैर सदस्यहरूलाई विभिन्न समयमा विभिन्न किसिमका तालिमहरूको आयोजना गर्छन् । स्वास्थ्य शिविरहरू सञ्चालन गर्छन् । जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने हुनाले सहकारीहरूले पनि समाजको एक अभिन्न अङ्गको रूपमा रहेर काम गरिरहेका छन् । यस अर्थमा पनि सहकारीलाई सामाजिक आन्दोलनको रूपमा लिन सकिन्छ (Novkovic & Golja, 2015) ।

## अभ्यास (Exercise)

**क. परियोजना कार्य (Project Work)**

१. नेपालमा हाल सम्म तपाँइको प्रदेशमा कुन कुन प्रकारका सहकारी संस्थाहरू र संघहरू स्थापना भएका छन् । सहकारीसँग सम्बन्धित वेभसाइड वा पत्रिका प्रयोग गरी यससँग सम्बन्धित सूचना संकलन गरी प्रतिवेदन तयार गर्नुहोस् ।

२. तपाँइको शहरमा भएका कुनै २० वटा सहकारी संस्थाहरूको विवरण जम्मा गर्नुहोस् र ती सहकारीहरू सहकारी ऐनमा गरिएको व्यवस्था अनुसार वर्गीकरण गर्दा कुन कुन वर्गमा पर्छन् छुट्ट्याउनुहोस् ।

३. नेपालमा सहकारीको विकास क्रममा भएका महत्त्वपूर्ण घटनाहरूको बारेमा सूचना संकलन गरी सुरूदेखि हाल सम्मको विकास क्रमलाई समावेस गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

**ख. छोटा प्रश्नहरू (Short Questions)**

१. सहकारीको अर्थ तथा विकासको बारेमा उल्लेख गर्नुहोस् ।

२. सहकारीका विशेषताका सम्वन्धमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

३. सहकारी ऐन अनुसार सहकारीको वर्गीकरण कसरी गरिएको छ संक्षेपमा लेख्नुहोस् ।

४. सहकारीका आधारभूत मूल्य र मान्यताका सम्बन्धमा व्याख्या गर्नुहोस् ।

५. सहकारीमा गर्नुपर्ने व्वस्थापकिय कार्यहरूको बारेमा छलफल गर्नुहोस् ।

६. नागरिक समाज र सहकारी आन्दोलनका बारेमा उल्लेख गर्नुहोस् ।

ग. लामा प्रश्नहरू (Long Questions)

१. सहकारी आधुनिक समाजको एक अभिन्न अंग वनिसकेको छ । यसै सन्दर्भ सँग जोड्दै समाजमा सहकारीको आवश्यकताका बारेमा स-विस्तार उल्लेख गर्नुहोस् ।

२. सहकारीका सबल र दुर्वल पक्षहरूको बारेमा विस्तृत रूपमा व्याख्या गर्नुहोस् ।

३. नेपालमा सहकारी ऐन अनुसार सहकारीका विशेषताहरूलाई स-विस्तार व्याख्या गर्नुहोस् ।

४. सहकारीका सिद्धान्त तथा आधारभूत मूल्यहरूको व्याख्या गर्नुहोस् ।

५. सहकारी व्यवस्थापनको वातावरणका बारेमा व्याख्या गर्दै नागरिक समाज र सहकारी आन्दोलनका विषयमा प्रष्ट पार्नुहोस् ।

६. नेपालमा सहकारीहरूको वर्गीकरण कसरी गरिएको छ उल्लेख गर्नुहोस् ।

७. सहकारीको अर्थ उल्लेख गर्दै नेपालमा यसको विकासक्रमको बारेमा चर्चा गर्नुहोस् ।

२

अध्याय

# सहकारी संस्था दर्ता, विघटन तथा खारेजी

## (Registration, Dissolution and Revocation of Co-operative)

यस अध्यायको अध्ययनपछि पाठकहरूले निम्न विषय वस्तुहरूमा जानकारी राख्न सक्नेछन् :

- *सहकारी संस्थाको गठन गर्दा आवश्यक पर्ने विषयवस्तुहरूका बारेमा,*
- *सहकारी संस्थाको दर्ता प्रक्रिया सम्बन्धमा,*
- *सहकारी संस्थाको एकीकरणका गर्ने प्रक्रियाका बारेमा,*
- *सहकारी संस्थाको विघटन तथा खारेजीका बारेमा,*
- *सहकारी संस्था तथा संघको कार्य क्षेत्रका सम्बन्धमा ।*